का.जि.प्र.का.द.नं. १००/०५२/६०
७ भदौ २०८३
आइतबार
23 August 2026
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २१३। पृष्ठ ६ | Madhyanha National Daily | www.madhyanhadaily.com

५ वर्षमा १११ भिआइपीलाई भ्रष्टाचार मुद्दा

ठुला व्यक्तिमाथि मुद्दा चले पनि मन्त्रिपरिषद्बाट भएका निर्णय अनुसन्धानबाहिरै छ। यसकारण नीतिगत निर्णयका नाममा भएका कतिपय ठुला भ्रष्टाचार अनुसन्धानको दायरामै आउन सकेको छैन।

पूर्वप्रधानमन्त्री	- १
पूर्वसभामुख	- १
पूर्वमन्त्री (संघ)	- ८
पूर्वमन्त्री (प्रदेश)	- २
सांसद (प्रदेश)	- २
स्थानीय तह प्रमुख	- ६०
स्थानीय तह उपप्रमुख	- ३७
जम्मा	- १११

साना होइन, ठुलै मुद्दा गएको छ। प्रधानमन्त्रीदेखि सांसद, मन्त्रीविरुद्ध मुद्दा गए। यसकारण ठुला र साना माछाको कुरा हराएको छ।

प्रेमकुमार राई
प्रमुख, अख्तियार दुरुपयोग अनुसन्धान आयोग

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, ६ भदौ

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लामो समयदेखि खेप्दै आएको आरोप वा टिप्पणी हो, 'साना माछा'माथि मात्रै अनुसन्धान र अभियोजन गर्छ। तर, यस्तो आरोप पछिल्लो समय चिर्ने प्रयास गरेको अख्तियारको तथ्यांकले देखाउँछ। आयोगका अनुसार पछिल्ला पाँच आर्थिक वर्षमा पूर्वप्रधानमन्त्रीदेखि पूर्वसभामुख, पूर्वमन्त्री, सांसद तथा स्थानीय तहका प्रमुख र उपप्रमुखविरुद्ध भ्रष्टाचार मुद्दा लागेको छ।

आर्थिक वर्ष २०७७/७८ देखि आर्थिक वर्ष २०८२/८३ सम्म १११ जना भिआइपी जनप्रतिनिधिविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको हो। यस अवधिमा पूर्वप्रधानमन्त्री एकजना, पूर्वसभामुख एकजना, पूर्वमन्त्री (संघ) आठजना, पूर्वमन्त्री (प्रदेश) दुईजना, सांसद (प्रदेश) दुईजना, स्थानीय तह प्रमुख ६० जना र स्थानीय तह उपप्रमुख ३७ जनाविरुद्ध भ्रष्टाचार मुद्दा लागेको हो।

पतञ्जलि जग्गा प्रकरणमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालमाथि हदबन्दी छुटको जग्गा दुरुपयोग र अनियमितता गरेको आरोपमा विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएको थियो। २०६६ माघ १८ गते प्रधानमन्त्रीका रूपमा माधवकुमार नेपालले ठाडो आदेशमार्फत पतञ्जलि योगपीठ तथा आयुर्वेद »» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

सिण्डिकेटको सूची सरकारलाई अमान्य

मध्यान्ह संवाददाता
काठमाडौं, ६ भदौ

युवा, श्रम तथा रोजगार मन्त्रालयले मलेसियाको फरेन वर्कर सेन्टर म्यानेजमेन्ट सिष्टम (एसडब्लूसिएमएस) पोर्टलको 'रिक्रूटमेन्ट एजेन्सी'मार्फत मलेसिया जाने नेपाली श्रमिकका लागि २५ वटा नेपाली वैदेशिक रोजगार व्यवसायी संस्थाहरूको सूची मान्य नहुने बताएको छ।

शनिबार विज्ञप्ति प्रकाशित गर्दै मन्त्रालयले २५ वटा इजाजतपत्र प्राप्त संस्थाबाट मात्र श्रमिक पठाउने गरी एकाधिकार वा सिन्डिकेट गर्न लागेको भन्ने विषयमा विभिन्न सञ्चारमाध्यममा आएका समाचारप्रति ध्यानाकर्षण भएको छ।



भन्दै उक्त सूची मान्य नहुने स्पष्ट पारेको हो। शनिबार मन्त्री रामजी यादवले मलेसियाका लागि नेपालका कार्यवाहक राजदूत मोहम्मद फिर्दोस अजमानसँग भेट, छलफल तथा परामर्श गरेको भन्दै मन्त्रालयले यस विषयमा चासो व्यक्त गरेको जनाएको छ।

उक्त द्विपक्षीय छलफलमा श्रम आप्रवासनसम्बन्धी दुई देशका मुद्दाहरू आपसी द्विपक्षीय छलफल, परामर्श र सहमतिका आधारमा मात्र अगाडि बढाउन सकिने विषय मलेसिया सरकारलाई अवगत गराइदिन अनुरोध गरिएको मन्त्रालयले जनाएको छ।

द्विपक्षीय श्रम सम्झौतामा भएको व्यवस्थाअनुसार यस प्रकारका विषय संयुक्त प्राविधिक समितिमार्फत छलफल तथा वार्ताका माध्यमबाट टुंग्याउन सकिने विषयमा समेत समझदारी भएको मन्त्रालयले मलेसियालाई स्मरण गराएको छ। २५ म्यानपावर कम्पनी सूचीकरण भएको विषयमा शनिबार नै परराष्ट्र मन्त्रालयमार्फत मलेसिया »» पृष्ठ २ मा

घटक संस्थाहरूको संघमाथि खबरदारी

काठमाडौं/मस- नेपाल वैदेशिक रोजगार व्यवसायी संघले आफू सिन्डिकेटविरुद्ध कठोर रहेको बताइरहेका बेला संघलाई छाता संस्था मान्ने घटक संस्थाहरू संघमाथि निगरानी र दबाब बढाउने योजनामा देखिएका छन्।

संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार'लाई ज्ञापनपत्र बुझाएपछि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च, वैदेशिक रोजगार व्यवसायी महिला संघ, नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति सामाखुशी, नेपाल वैदेशिक रोजगार व्यवसायी नेवा समाज, वैदेशिक रोजगार व्यवसायी तामाङ समाज, तराई मधेश वैदेशिक रोजगार व्यवसायी समाज र वैदेशिक रोजगार व्यवसायी विश्वकर्मा समाजका प्रतिनिधिलाई बोलाई सिन्डिकेटविरुद्ध घटक संस्था तथा संघको भूमिकाका विषयमा छलफल गरेको छ।

एसोसिएसनका अध्यक्ष रामप्रसाद गैरेको अध्यक्षतामा भएको छलफलपछि एसोसिएसनका महासचिव सुमनराज पाण्डेले सिन्डिकेटविरुद्धको कार्यक्रममा संघलाई सबै क्षेत्रबाट सहयोग गर्ने, तर संघको नेतृत्व कठोर नभएको देखिए आफैं नेतृत्व लिने सहमति बनेको बताए। »» पृष्ठ २ मा

प्रेस विज्ञप्ति

नेपाली श्रमिकहरूको प्रमुख तथा आकर्षक वैदेशिक रोजगार गन्तव्य मुलुक मलेसियामा नेपाली श्रमिकको रोजगारी तथा भर्ना प्रक्रियालाई व्यवस्थित, पारदर्शी, प्रतिस्पर्धात्मक र श्रमिकमैत्री बनाउन नेपाल सरकार र मलेसिया सरकारबीच भएका द्विपक्षीय श्रम सम्झौता, समझदारी तथा स्थापित कूटनीतिक अभ्यासलाई पूर्ण रूपमा पालना गरिनुपर्ने नेपाल वैदेशिक रोजगार व्यवसायी संघको स्पष्ट धारणा रहेको छ। नेपालमा प्रचलित ऐन, नियम तथा कानुनअनुसार इजाजतपत्र प्राप्त गरी वैधानिक रूपमा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरिरहेका करिब १,२०० व्यवसायी तथा संस्थालाई समान अवसर र प्रतिस्पर्धाको अधिकार सुनिश्चित हुनुपर्नेमा मलेसियाको विदेशी कामदार भर्ना प्रक्रियामा प्रयोग हुँदै आएको FWCMS प्रणालीमा सीमित २५ संख्याका व्यवसायीलाई मात्र आबद्ध गरी अन्य वैधानिक व्यवसायीलाई प्रक्रियाबाट बाहिर राख्ने व्यवस्था साथै कपोकल्पित रुपमा अरु २५० वटा इजाजतपत्रवालाको नाम Excel Sheet बनाई भ्रम सिर्जना गराई व्यवसायी एकता भङ्काउने प्रयास प्रति संघको गम्भीर ध्यानाकर्षण भएको छ।

यस विषयमा मिति २०८३/०५/०६ गते बसेको संघको आकस्मिक बैठकको निर्णयअनुसार FWCMS मा समावेश भएका २५ वटै संस्थालाई हालको लागि संघको सदस्यबाट निलम्बन गरी ३ दिनभित्र तथ्य, प्रमाण र सम्बन्धित कागजातसहित चित्तबुझ्दो स्पष्टीकरण पेश गर्न निर्देशन दिइएको छ। FWCMS मा ती संस्थाहरू कसरी, कुन आधारमा र कसको पहल र समन्वयमा समावेश भए, त्यस क्रममा कुनै सम्झौता, आर्थिक कारोबार, कमिसन, शुल्क वा अन्य लाभ-सुविधाको आदानप्रदान भएको हो वा होइन भन्ने विषयमा स्पष्ट जवाफ आवश्यक छ र ३ दिनभित्र चित्तबुझ्दो स्पष्टीकरण प्राप्त नभएमा संघले कुनै दबाब वा प्रभावमा नपरी विधान, आचारसंहिता तथा प्रचलित देशको कानुनबमोजिम कडा भन्दा कडा कारबाही गर्न गराउन संस्थागत कदम चाल्नेछ।

यस विषयमा संघ मौन बसेर तमासा हेर्ने पक्षमा छैन र आवश्यक परे सिण्डिकेट र यसमा संलग्न सबै ईजाजतवाला संस्थाहरूको सम्बन्धमा भएको निर्णयको सूचना, कागजात तथा प्रमाणहरू वैदेशिक रोजगार विभाग, सम्बन्धित मन्त्रालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाल प्रहरीका सम्बन्धित अनुसन्धानका निकायहरू तथा विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूमा समेत पठाई हालको कामकारोबार रोकी निष्पक्ष छानबिन, अनुसन्धान र कारबाहीका लागि औपचारिक पहल गरिनेछ। वैदेशिक रोजगार व्यवसाय कुनै व्यक्ति वा सीमित समूहको निजी स्वार्थमा चल्ने क्षेत्र हैन र सिण्डिकेट तथा एकाधिकार र यस्ता व्यावसायिक विभेदविरुद्ध संघ आवश्यक परे निर्णायक तथा कडा संघर्षमा उत्रिनेछ।

हिरा बहादुर डाँगी (हरि)
महासचिव

डिक बहादुर खत्री (कुमार)
अध्यक्ष

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
सिफल-७, काठमाडौं, फोन नं. ०१- ४५५०५६५/४५५४४१८

संयुक्त ध्यानाकर्षण

मलेसिया सिन्डिकेटविरुद्ध सामूहिक ऐक्यबद्धतासहित हामी सम्पूर्ण घटक संस्थाहरूको संयुक्त ध्यानाकर्षण ।

यस प्रकारको विषयले वैदेशिक रोजगार व्यवसायीहरूको पेशागत स्वतन्त्रता, समान अवसर तथा व्यवसाय सञ्चालनको अधिकारमाथि गम्भीर प्रश्न खडा गरेको छ।

वैदेशिक रोजगार क्षेत्रमा कुनै निश्चित व्यक्ति वा समूहलाई मात्र लाभ पुग्ने गरी सिन्डिकेट कायम गर्ने, अन्य व्यवसायीहरूलाई व्यवसायबाट विस्थापित गर्ने वा सीमित व्यवसायीहरूको नियन्त्रणमा रोजगारीका अवसर केन्द्रित गर्ने कुनै पनि प्रयास हामीलाई स्वीकार्य हुन सक्दैन।

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले समेत विभिन्न समयमा जारी गरेका सार्वजनिक विज्ञप्ति तथा धारणामार्फत सिन्डिकेट वा एकाधिकार कुनै पनि हालतमा स्वीकार्य नहुने र त्यस्तो अवस्था सिर्जना हुन नदिने स्पष्ट प्रतिबद्धता व्यक्त गर्दै आएको अवस्थामा पुनः कुनै पनि प्रकारको एकाधिकार कायम गर्ने प्रयास हुनु गम्भीर र चिन्ताजनक विषय हो।

त्यसैगरी, नेपालको संविधानको धारा ५१ अन्तर्गत राष्ट्रिय अर्थतन्त्रसम्बन्धी नीतिको खण्ड (घ) को उपधारा (३) मा कालोबजारी, एकाधिकार, कृत्रिम अभाव तथा प्रतिस्पर्धा सीमित गर्नेजस्ता गतिविधिको अन्त्य गर्ने राज्यको नीति उल्लेख गरिएको छ।

यस संवैधानिक व्यवस्था, नेपाल सरकारको घोषित नीति तथा वैदेशिक रोजगार व्यवसायमा समान अवसर र स्वस्थ प्रतिस्पर्धाको मूल भावना विपरीत हुने गरी कुनै पनि प्रकारको सिन्डिकेट वा एकाधिकार कायम गर्ने प्रयास भएमा त्यसको हामी सम्पूर्ण घटक संस्थाहरू दृढतापूर्वक विरोध गर्दछौं।

हाल सार्वजनिक भएको २५ जना व्यवसायीहरूको नामसँग जोडिएको विषयमा संघले सम्पूर्ण व्यवसायीहरूको हकहितको संरक्षण गर्दै तत्काल प्रभावकारी, पारदर्शी र जिम्मेवार कदम चाल्नुपर्ने हाम्रो स्पष्ट धारणा रहेको छ।

अतः देहायबमोजिमका मागहरू तत्काल कार्यान्वयन गर्न यो ध्यानाकर्षण पत्र पेश गर्दछौं।

हाम्रा मुख्य मागहरू

१. सार्वजनिक भएको २५ जना व्यवसायीहरूको नामका सम्बन्धमा संघले २४ घण्टाभित्र आवश्यक छानबिन गरी सत्य-तथ्यसहितको स्पष्ट आधिकारिक धारणा सार्वजनिक गर्नुपर्ने।
२. उक्त विषयमा सम्बन्धित २५ जना व्यक्तिहरूको संलग्नताबारे निष्पक्ष छानबिन गरी उनीहरूलाई संघको साधारण सदस्य, कार्यसमिति सदस्य, सल्लाहकारलगायत संघभित्रका जिम्मेवारी तथा पदबाट निलम्बन वा हटाउन आवश्यक प्रक्रिया २४ घन्टा भित्रमा नै प्रारम्भ गर्नुपर्ने।
३. मलेसिया रोजगारीमा कुनै पनि प्रकारको सिन्डिकेट, एकाधिकार वा सीमित व्यवसायीको नियन्त्रण कायम हुन नदिई, वैधानिक रूपमा दर्ता तथा इजाजतप्राप्त सम्पूर्ण व्यवसायीहरूले समान र सहज रूपमा व्यवसाय सञ्चालन गर्न पाउने वातावरण तत्काल सुनिश्चित गर्नुपर्ने।
४. सार्वजनिक भएको २५ जनाको सूचीका सम्बन्धमा संघले सम्बन्धित निकायसँग तत्काल समन्वय गरी उक्त सूचीको वास्तविकता, आधार, संलग्नता तथा निर्णय प्रक्रियाबारे सम्पूर्ण व्यवसायीहरूलाई पारदर्शीरूपमा जानकारी गराउनुपर्ने।
५. संघको नेतृत्वले यस विषयलाई गम्भीरतापूर्वक लिँदै २४ घण्टाभित्र ठोस निर्णय, पहल तथा परिणामसहितको आधिकारिक धारणा सार्वजनिक गर्नुपर्ने।

संस्थागत जिम्मेवारी सम्बन्धमा

अन्त्यमा, तोकिएको २४ घण्टाभित्र संघले यस विषयमा कुनै ठोस पहल, निर्णय वा परिणाम दिन नसकेको अथवा सार्वजनिक भएको विषयमा संघकै जिम्मेवार पदाधिकारी वा सदस्यहरूको संलग्नता, संरक्षण वा सहजीकरण रहेको छ। त्यसको नैतिक तथा संस्थागत जिम्मेवारी संघको नेतृत्वले स्वीकार गर्नुपर्नेछ।

त्यस्तो अवस्थामा संघको नेतृत्वले व्यवसायीहरूको विश्वास, संघको संस्थागत मर्यादा तथा समग्र वैदेशिक रोजगार क्षेत्रको हितलाई ध्यानमा राख्दै यस्तो अवस्थामा यदि संघले तत्काल हामीले माग गरेको २४ घण्टाभित्र आवश्यक कदम चाल्न आव्हान गर्दै, समानरूपमा सबै व्यवसायीले काम गर्ने वातावरण बनाउन हामी सम्पूर्ण घटक संस्थाहरू हार्दिक अनुरोध गर्दछौं।

सिन्डिकेट, एकाधिकार र प्रतिस्पर्धा सीमित गर्ने कुनै पनि गतिविधिका विरुद्ध सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीहरूको पेशागत स्वतन्त्रता, समान अवसर र व्यवसाय सञ्चालनको अधिकारको संरक्षणका लागि हामी सम्पूर्ण घटक संस्थाहरू एकताबद्ध र दृढतापूर्वक उभिएका छौं। एकाधिकार कायम गर्ने प्रयास भएमा त्यस्तो कदमको विरुद्ध हामी सम्पूर्ण राजनीतिक जातीय क्षेत्रीय र भेगिए घटक संस्थाहरू एक भई दृढतापूर्वक विरोध गर्दछौं।

जारीकर्ता:
संयुक्त घटक संस्थाहरू

राम प्रसाद गैरे
अध्यक्ष
नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन

हरि बहादुर पाण्डे
अध्यक्ष
नेपाल वैदेशिक रोजगार व्यावसायी एकता समिति

घनलाल जैसी
अध्यक्ष
नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च

किसान प्रधान
अध्यक्ष
वैदेशिक रोजगार व्यवसायी नेवा: समाज

अख्तर हुसैन
अध्यक्ष
समाजवादी वैदेशिक रोजगार व्यवसायी संघ (जसपा)

प्रतिमा महर्जन
अध्यक्ष
नेपाल वैदेशिक रोजगार महिला व्यवसायी संघ

पदम बहादुर आले
अध्यक्ष
नेपाल मगर वैदेशिक रोजगार व्यवसायी समाज

रबिन्द्र शेरचन
अध्यक्ष
वैदेशिक रोजगार धौलाश्री समाज

अमृत बिश्वकर्मा
अध्यक्ष
नेपाल वैदेशिक रोजगार व्यवसायी विश्वकर्मा समाज

तिर्थ बहादुर गुरूङ्ग
अध्यक्ष
नेपाल वैदेशिक रोजगार व्यवसायी तमु धिं

मोहन बहादुर स्याङ्वा
अध्यक्ष
वैदेशिक रोजगार तामाङ्ग व्यवसायी समाज

चन्द्र प्रसाद राई
अध्यक्ष
वैदेशिक रोजगार किरात याथोख्या व्यवसायी समाज

मल्जुम मियाँ
अध्यक्ष
नेपाल मुस्लिम वैदेशिक रोजगार व्यवसायी समाज

छत्र बस्नेत
कार्यवाहक सभापति
स्वतन्त्र वैदेशिक रोजगार व्यवसायी संघ

नवल किशोर यादव
अध्यक्ष
तराई वैदेशिक रोजगार व्यवसायी समाज

मिन प्रसाद गोले
कार्यवाहक अध्यक्ष
एकीकृत वैदेशिक रोजगार व्यवसायी संस्था नेपाल

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

अटिजम भएका बालबालिकाका लागि सातै प्रदेशमा आवासीय विद्यालय स्थापना गरिने

धनगढी/मस-शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले अटिजम भएका बालबालिकाका लागि सातै प्रदेशमा एक-एक वटा आवासीय विद्यालय स्थापना गर्ने तयारी भइरहेको बताएका छन् ।

शिक्षा तथा खेलकुद मन्त्रालयको समन्वय तथा राष्ट्रिय अटिजम केयर सेन्टर सोसाइटी नेपालको आयोजनामा धनगढीमा भएको 'अटिजम तथा न्यूरोडाइभर्सिटी भएका बालबालिकाका लागि शैक्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०८३' विषयक छलफलमा मन्त्री पोखरेलले विद्यालय स्थापनाका लागि आवश्यक बजेटसमेत विनियोजन भइसकेको जानकारी दिए ।

उनका अनुसार विद्यालय सञ्चालनको मोडालिटी तय गर्न सरोकारवालासँग छलफल भइरहेको छ । आवासीय विद्यालयमा विद्यार्थीलाई पठनपाठनसँगै थेरापी, स्वास्थ्य सेवा तथा अन्य रचनात्मक गतिविधि सञ्चालन गरिनेछ ।

'सरकार गठन हुनेबित्तिकै अटिजम भएका बालबालिकाका लागि देशका सातै प्रदेशमा एउटा-एउटा आवासीय विद्यालय स्थापना गर्ने घोषणा गरिसकेका छौं, त्यसका लागि आवश्यक बजेटको व्यवस्था पनि भइसकेको छ,' मन्त्री पोखरेलले भने, 'यसै वर्षदेखि विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयनको प्रक्रिया अगाडि बढाउँछौं ।'

मूलधारका विद्यालयमा भर्ना गर्नुअघि अटिजम भएका बालबालिकालाई आवासीय रूपमा स्वास्थ्य सेवा र आवश्यक शिक्षा प्रदान गर्ने गरी मापदण्डको मस्यौदा तयार गरिएको उनले बताए । मस्यौदालाई प्रभावकारी बनाउन सरोकारवालाको रचनात्मक सुझाव आवश्यक रहेको उनको भनाइ थियो । अटिजम भएका बालबालिकाको समस्या पछिल्ला वर्षमा विश्वव्यापी रूपमा बढ्दै गएको उल्लेख गर्दै मन्त्री पोखरेलले अटिजम भएका बालबालिका र उनीहरूका अभिभावकका समस्या समाधानका लागि सरकार गम्भीर रहेको बताए । आगामी शिक्षा ऐन, नीति तथा मापदण्डमा अटिजमसम्बन्धी विषयलाई समेटेर सरकारको काम गर्ने आधार थप स्पष्ट बनाइने उनले जानकारी दिए ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य सरिता महतोले अटिजम भएका बालबालिकालाई बोझका रूपमा नलिई उनीहरूको रुचि र क्षमताअनुसार विकासका अवसर प्रदान गर्नुपर्नेमा जोड दिइन् ।

आफू पनि अटिजम भएका सन्तानकी आमा भएको उल्लेख गर्दै उनले यस विषयलाई राज्यको प्राथमिकतामा राख्न संसद् र सरकारसँग निरन्तर पहल गरिरहेको बताइन् ।

अभिभावकहरूले बालबालिकाको हेरचाहमा धेरै समय खर्चिनुपर्दा आफूहरूलाई अन्य काम गरी जीविकोपार्जन गर्न कठिन भइरहेको बताएका थिए । उनीहरूले बडा तहमा हेरचाह केन्द्र, छुट्टै आवासीय विद्यालय र थेरापी केन्द्र स्थापना गर्न तथा अभिभावकका लागि आयआर्जनका अवसर सिर्जना गर्न सरकारसँग आग्रह गरेका छन् ।

विभिन्न सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरूले अटिजम भएका बालबालिकाको वास्तविक तथ्यांक संकलन र आवश्यकता पहिचान गरी त्यसैका आधारमा नीति तथा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिएका थिए ।

राष्ट्रिय अटिजम केयर सेन्टर सोसाइटीका अध्यक्ष रमेश बस्नेतले अटिजम भएका बालबालिकालाई अन्य अपांगता भएका बालबालिकाभन्दा फरक आवश्यकता भएका बालबालिकाका रूपमा बुझेर विशेष कार्यक्रममार्फत सम्बोधन गर्नुपर्ने बताए ।

शिक्षा विभागका शिक्षा अधिकृत दीपक माझीले तयार भइरहेको मापदण्डको मस्यौदामा समेटिएका प्रावधानबारे जानकारी दिँदै अटिजम तथा न्यूरोडाइभर्सिटी भएका बालबालिकाका समस्या समाधानका लागि सरकारले आवश्यक प्रक्रिया अघि बढाइरहेको बताए ।

नित्यनाथ मन्दिर पुनर्निर्माण

काठमाडौं/मस-काठमाडौं महानगरपालिका-८ जयवागेश्वरीस्थित नवालीटोलमा रहेको लिच्छविकालीन नित्यनाथ मन्दिर पुनर्निर्माण सम्पन्न गरी उद्घाटन गरिएको छ । १९९० को भूकम्पले भत्किएको मन्दिर लामो समयपछि पञ्चायतकालमा ढलान गरेर बनाइएको थियो । विसं २०७२ को भूकम्पले भत्किएको मन्दिर पुनर्निर्माण सम्पन्न गरी शनिबार शुभारम्भ गरिएको हो । नित्यनाथलाई बाजागाजाका देवताका रूपमा पूजिन्छ ।

काठमाडौं महानगरपालिकाका कार्यवाहक नगरप्रमुख सुनिता डंगोलले महानगर क्षेत्रभित्रका मूर्त, अमूर्त सम्पदाको संरक्षणका लागि महानगरपालिकाले काम गरिरहेको बताइन् । यसबीचमा ८२ वटा अमूर्त र ७८ वटा मूर्त सम्पदाको संरक्षण गरिएको उनले जानकारी दिइन् । एघार वर्षअघिका भूकम्पले भत्किएका सम्पदा पुनर्निर्माणको काम प्रायः अन्तिम चरणमा पुगेको उल्लेख गर्दै कार्यवाहक नगरप्रमुख डंगोलले संरक्षणका काम गरिनुपर्नेमा जोड दिइन् ।

महानगरपालिका वडा नं ८ का अध्यक्ष एवं महानगरपालिकाको सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान संगतले पुनर्निर्माण सम्पन्न गरिएको नित्यनाथ मन्दिरले संस्कार सिकाएर राख्न सहयोग गर्ने बताइन् । मन्दिरका माध्यमबाट बाजागाजा नयाँ पुस्तामा पुस्तान्तरण गर्न सकिने वातावरण बनेको पनि उनले सुनाइन् ।

नेपाल धर्म, संस्कृति, चाडपर्व र जात्राका कारण चिनिएको उल्लेख गर्दै वडाध्यक्ष संगतले पशुपति क्षेत्रका ग्वल नवाली टोलमा पुर्खाले जात्रा, पर्व, संस्कृति संरक्षणका लागि नित्यनाथ मन्दिर बनाएको बताए । त्यसै टोलमा २०४२ सालमा स्थापना भएको पुस्तकलाय पनि भूकम्पले भत्किएकामा त्यसलाई पुनर्निर्माण गरी हस्तान्तरण गरिने प्रतिबद्धता पनि उनले जनाए ।

महानगरपालिका वडा नं १२ का अध्यक्ष बालकृष्ण महर्जनले महानगर क्षेत्रका मौलिक संस्कृति संरक्षणका लागि स्थानीय सरकारका तर्फबाट धेरै काम भएको बताए । यस्ता कामलाई आगामी दिनमा निरन्तरता दिइने पनि उनको प्रतिबद्धता थियो ।

ज्यापू संस्कृति विकास कोषका उपाध्यक्ष सन्तकुमार महर्जनले यस वर्षको ज्यापू दिवसका अवसरमा आगामी योमरी पून्हिका दिन जयवागेश्वरीबाट नै शोभायात्रा गरी वसन्तपुर पुगेर विशेष सभा गर्नेगरी तयारी भएको जानकारी गराए ।

सन्ध्या पुस्तकालयका अध्यक्ष एवं नवाली टोल बाजा खलका कार्यवाहक अध्यक्ष शिवकुमार संगत र सचिव सुजन संगतलगायतले संगीत संस्कृति पुस्तान्तरणको काम गर्न सहयोगी हुनेगरी नित्यनाथ मन्दिर पुनर्निर्माण भएको बताए । दाफा भजन, यस क्षेत्रमा लोप हुन लागेका बाजागाजाको संरक्षणका लागि पनि नित्यनाथ मन्दिरबाट सहयोग पुग्ने उनको भनाइ थियो । सो अवसरमा मन्दिर पुनर्निर्माणका लागि नक्सा ड्राइङ, डिजाइन गरी सहयोग गर्ने इन्जिनियर सुशान्त वैद्य, महानगरपालिका सम्पदा विभाग प्रमुख कुमारी राई र पुनर्निर्माणका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न वडाध्यक्ष संगतलाई पनि सम्मान गरिएको थियो । कार्यक्रममा मौलिक बाजागाजा र नृत्य सिक्ने विभिन्न व्यक्तित्वलाई प्रमाणपत्र पनि वितरण गरिएको थियो ।

५ वर्षमा...

कम्पनीलाई काभ्रे र अन्य ठाउँमा हदबन्दीभन्दा बढी जग्गा राख्न छुट दिने निर्णय गरेका थिए । यसलाई व्यक्तिगत रूपमा कानुनको उल्लंघन गरेको रूपमा व्याख्या गर्दै अख्तियारले मुद्दा चलाएको हो । यस प्रकरणमा प्रचलित कानुन र जग्गाको हदबन्दीको प्रावधानविपरीत निर्णय गराइएको र पछि सो जग्गा उद्देश्यविपरीत प्रयोग वा बेचबिखन भएको दाबी गरिएको छ । यो मुद्दा अझै विचाराधीन छ ।

यसैगरी, अख्तियारले विद्युतीय चुरोट (भेप)मा लुकाएर गरिएको सुन तस्करी प्रकरणमा पूर्वसभामुख कृष्णबहादुर महराविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । विशेष अदालतमा दायर उक्त मुद्दामा सात करोड ७८ लाख रुपैयाँ बिगो मागदाबी गरिएको छ । यो मुद्दा पनि विचाराधीन छ ।

गत बिहीबार प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा अख्तियारको कामकारबाहीका सम्बन्धमा छलफल चलेको थियो । उक्त छलफलमा पनि सांसदहरूले अख्तियारले भ्रष्टाचारका विषयमा थोरै रकम र कमजोर व्यक्तिहरूलाई मात्रै लक्षित गरेर अनुसन्धान तथा अभियोजन गर्ने गरेको टिप्पणी गरेका थिए । जवाफमा अख्तियार प्रमुख प्रेमकुमार राईले आयोगको तथ्यांकले अख्तियार साना व्यक्तिमाथि मात्रै केन्द्रित रहेको निष्कर्ष निकाल्न नमिल्ने बताएका थिए ।

आफूले आयोगको नेतृत्व लिएयता ठुला पदमा रहेका व्यक्तिसँग जोडिएका भ्रष्टाचारका विषयमा अनुसन्धान अघि बढाइएको दाबी गर्दै उनले उदाहरणका रूपमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, वाइडबडी जहाज खरिद तथा पतञ्जलि जग्गा प्रकरण प्रस्तुत गरे ।

'साना होइन, ठुलै मुद्दा गएको छ । सबै ठुलै-ठुलै, प्रधानमन्त्रीदेखि लिएर सांसद, मन्त्रीविरुद्ध मुद्दा गए,' राईले संसदीय समितिमा भनेका छन्, 'यसरी मुद्दा गइसकेपछि अब ठुला र साना माछाको कुरा त हराएको अवस्था छ ।'

आयोगले ठुला व्यक्तिमाथि मुद्दा चलाए पनि मन्त्रिपरिषद्बाट भएका निर्णयमाथि अनुसन्धान गर्ने अधिकार राख्दैन । यसको सीमाबारे लामो समयदेखि बहस हुँदै आएको छ । यही कारण कतिपय ठुला भ्रष्टाचार प्रकरणमा अख्तियार अनुसन्धानको दायरामै पुग्न नसकेको आलोचना हुने गरेको छ ।

अख्तियार प्रमुख राई स्वयं पनि नीतिगत निर्णयका नाममा मन्त्रिपरिषद्का सबै निर्णयलाई अख्तियारको अनुसन्धानबाट बाहिर राख्ने व्यवस्था भ्रष्टाचार नियन्त्रणका लागि चुनौतीपूर्ण रहेको बताउँछन् । पतञ्जलि जग्गा प्रकरणलाई उनले यसैको उदाहरणका रूपमा प्रस्तुत गरे ।

पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसमेत प्रतिवादी रहेको उक्त मुद्दामा अख्तियारले उक्त निर्णयलाई नीतिगत नभई व्यक्तिगत निर्णयका रूपमा व्याख्या गरेको छ । राईका अनुसार तत्कालीन भूमिसुधारमन्त्रीले प्रधानमन्त्रीको निर्देशनअनुसार जग्गा बिक्री-वितरणका लागि प्रस्ताव पेस गरेको उल्लेख गरेकाले अख्तियारले त्यसलाई व्यक्तिगत निर्णयका रूपमा लिएको हो । त्यसैले मन्त्रिपरिषद्सँग जोडिएको विषय भए पनि अख्तियारले त्यसलाई नीतिगत निर्णयको आवरणमा नराखेको हो ।

अझै पनि ठुला भ्रष्टाचारमा पुग्ने हो भने नीतिगत निर्णय अख्तियारको दायरामा आउनुपर्ने उनको आग्रह छ । यसनिम्ति सरकारले ऐन बनाउनुपर्ने उनको प्रस्ताव छ । राई भन्छन्, 'जबसम्म मन्त्रिपरिषद्को निर्णय अख्तियारको क्षेत्राधिकारबाहिर राखिन्छ तबसम्म नीतिगत निर्णयका नाममा क्याबिनेटले गरेका डिसिजन (निर्णय)माथि मुद्दा लाग्दैन ।'

सिण्डिकेटको...

सरकारलाई विद्यमान प्रणालीलाई नै निरन्तरता दिन अनुरोध गर्दै पत्राचारसमेत भइसकेको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले उल्लिखित सन्दर्भमा नेपालले अवलम्बन गरेको श्रम तथा रोजगारसम्बन्धी नीति, वैदेशिक रोजगार ऐन तथा नियमावली, द्विपक्षीय सन्धि-सम्झौता र अन्तर्राष्ट्रिय कानुनको परिधिभित्र रही दुई देशबीचको आपसी सहमतिमा उपयुक्त निष्कर्षमा पुग्नुपर्ने जनाएको छ । नेपाली श्रमिकको हकहित सुरक्षित हुने गरी आवश्यक कूटनीतिक पहल गरिने मन्त्रालयले स्पष्ट पारेको छ ।

मलेसिया सिण्डिकेटको चौतर्फी विरोध

मलेसियाले विदेशी कामदार भर्ना गर्ने जिम्मा दिएको विदेशी कामदार केन्द्रीकृत व्यवस्थापन प्रणाली (एफडब्लुसिएमएस) पोर्टलमा नेपालका २५ वटा म्यानपावर कम्पनीको नाम देखिएपछि वैदेशिक रोजगार क्षेत्रमा ठुलो तरंग गएको छ ।

विभिन्न संस्थाले २५ कम्पनीको छनोटलाई सिन्डिकेट भन्दै त्यसलाई खारेज गराउन पहलका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी संघमाथि चर्को दबाव बढाएका छन् । संघले २५ व्यवसायीलाई एफडब्लुसिएमएस पोर्टलमा समावेश गर्ने विषय मलेसियासँगको श्रम सम्झौता तथा स्वतन्त्र प्रतिस्पर्धाको मान्यताविपरीत भएको भन्दै युवा, श्रम तथा रोजगार मन्त्रालय र परराष्ट्र मन्त्रालयमार्फत परिस्थिति बुझ्ने र खारेज गराउने प्रक्रियामा लागेको बताएको छ । संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले ४ सयभन्दा बढी व्यवसायी मलेसियामा श्रमिक पठाउने काममा रहेको भन्दै उनीहरूको हितरक्षामा आफू समर्पित हुने बताएका छन् ।

एफडब्लुसिएमएसमा शुक्रिबार साँझ २५ म्यानपावर कम्पनीको नाम सार्वजनिक भएपछि शनिबार बिहानै अध्यक्ष खत्रीको राजीनामा माग्दै केही व्यवसायी संघको कार्यालय पुगेका थिए ।

शनिबार नै नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले ज्ञापनपत्र बुझाएको छ । एसोसिएसनका अध्यक्ष रामप्रसाद गैरेले दिएको ज्ञापनपत्र बुझेपछि संघका अध्यक्ष खत्रीले एकाधिकारविरुद्ध लड्न व्यवसायीको शक्ति चाहिएको र आफू गम्भीर रहेको बताए । उनले भने, 'मेरो अध्यक्ष पद जोगाउन व्यवसायी मार्ने काम मबाट ...

हुँदैन, तपाईहरूले सिन्डिकेटधारीलाई फाइदा पुग्ने गरी संघको नेतृत्वलाई कमजोर बनाउने कुनै कदम नचाल्नुहोला ।'

संघले शनिबार साँझ नै विज्ञप्ति जारी गर्दै २५ वटै संस्थालाई हालका लागि संघको सदस्यबाट निलम्बन गरी ३ दिनभित्र तथ्य, प्रमाण र सम्बन्धित कागजातसहित चित्तबुझ्दो स्पष्टीकरण पेस गर्न निर्देशन दिइएको जनाएको छ । संघले ती संस्थाहरू कसरी, कुन आधारमा र कसको पहल र समन्वयमा एफडब्लुसिएमएसमा समावेश भए, त्यस क्रममा कुनै सम्झौता, आर्थिक कारोबार, कमिसन, शुल्क वा अन्य लाभ-सुविधाको आदानप्रदान भएको हो वा होइन भन्ने विषयमा स्पष्ट जवाफ पनि दिन भनेको छ ।

संघले २५ कम्पनीविरुद्ध कठोर कदम चालिने भन्दै आवश्यक परे सिन्डिकेट र यसमा संलग्न सबै इजाजतवाला संस्थाहरूको सम्बन्धमा भएको निर्णयको सूचना, कागजात तथा प्रमाणहरू वैदेशिक रोजगार विभाग, सम्बन्धित मन्त्रालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाल प्रहरीका सम्बन्धित अनुसन्धानका निकायहरू तथा विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूमा समेत पठाई हालको काम-कारोबार रोकी निष्पक्ष छानबिन, अनुसन्धान र कारबाहीका लागि औपचारिक पहल गरिने बताएको छ ।

संघले वैदेशिक रोजगार व्यवसाय कुनै व्यक्ति वा सीमित समूहको निजी स्वार्थमा चल्ने क्षेत्र नभएको बताएको छ ।

सूचीमा २५ म्यानपावर कम्पनी, अन्य देशका ५१३ वटा

एफडब्लुसिएमएसमा दर्ता भएका २५ नेपाली म्यानपावर कम्पनीहरूमा फ्रन्टलाइन रिक्रुटमेन्ट प्रा.लि., लाल धनुष इन्टरनेसनल सर्भिस, नेपाल प्लेसमेन्ट एजेन्सी प्रा.लि., द रिभर ओभरसिज प्रा.लि., एसिया लिंक सर्भिसेस प्रा.लि., मोन्टेज ओभरसिज प्रा.लि., नेपाल एचआर सोलुसन प्रा.लि., स्काइ पावर इन्टरनेसनल सर्भिसेस, ट्रस्ट नेपाल ओभरसिज प्रा.लि., एक्सेस पार्टनर्स प्रा.लि., ह्वाइट हर्स इन्टर नेसनल प्रा.लि., ट्रान्स एसिया इन्टिग्रेट सर्भिसेस प्रा.लि., वि.एम. ओभरसिज प्रा.लि., इन्डो अरब म्यानपावर प्रा.लि., संयोग ओभरसिज प्रा.लि., ट्यालेन्ट ओभरसिज सर्भिसेस प्रा.लि., वाइड स्पेस इन्टरनेसनल, खोजी रिक्रुटमेन्ट सर्भिसेस प्रा.लि., ए.एन.एस. एसोसिएट्स प्रा.लि., अल-हयात म्यानेजमेन्ट सिस्टम प्रा.लि., अल स्किल्स इन्टरनेसनल ह्युमन रिसोर्सेस, बिलिभेबल ओभरसिज प्रा.लि., डि स्क्वायर्ड ग्रुप, डिडी ह्युमन रिसोर्सेस ग्रुप प्रा.लि. र प्यारामाउन्ट एम्प्लोयमेन्ट कन्सल्टेन्सी प्रा.लि. रहेका छन् । उक्त प्रणालीमा फिलिपिन्सका ४३५, बंगलादेशका २५, कम्बोडियाका २३, भारतका १०, म्यानमारका १० र पाकिस्तानका १० म्यानपावर कम्पनीसमेत दर्ता भएका छन् ।

दि रिभर र एमबी ह्युमनको आपत्ति

मलेसिया रोजगारीका लागि सीमित म्यानपावर कम्पनीहरू मात्र संलग्न रहेको विषयमा प्रकाशित सूचीमा समावेश भएका दि रिभर ओभरसिज प्रा.लि. तथा एम.बी. ह्युमन रिसोर्सेस प्रा.लि.ले कम्पनीको नाम जोडिएकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् । संघका सल्लाहकारसमेत रहेका दि रिभरका अध्यक्ष रघुनाथ पुरीले शनिबार वक्तव्य जारी गर्दै एफडब्लुसिएमएसमा आफ्नो वा आफ्नो संस्थाको कुनै संलग्नता नरहेको बताएका छन् ।

द रिभरले भनेको छ, '२५ वटा संस्थाको सूचीमा यस संस्थाको कुनै संलग्नता, सहमति वा समर्थन छैन । म उक्त सीमित सूचीकरणप्रति स्पष्ट रूपमा असहमति जनाउँछु ।'

सञ्चालक पुरीले संघले विधि र प्रक्रियाविपरीत आफूलाई संघको साधारण सदस्यबाट हटाएको भनी प्रचार गरेर आफ्नो मानमर्दन गरेको बताए । उनले भने, 'कार्यसमितिलाई सल्लाहकार हटाउने र राख्ने अधिकार होला, तर सदस्य संस्थालाई एक वाक्यसमेत स्पष्टीकरण नसोधी, केही नबुझी साधारण सदस्यबाट हटाउने काम संघको विधि-पद्धतिअनुसार छैन ।'

नेपाल सरकारको नीति, नियम र निर्णयको अधीनमा रहेर वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न आफ्नो संस्था प्रतिबद्ध रहेको उनको भनाइ छ ।

त्यस्तै, एमबी ह्युमन रिसोर्सेस प्रा.लि.का सञ्चालक विप्लव लामाले मलेसिया रोजगारीसम्बन्धी प्रक्रियामा आफ्नो म्यानपावर कम्पनीको नाम आउनु आफैंमा अचम्मको विषय भएको बताएका छन् । उनले एमबी ह्युमन रिसोर्सेस प्रा.लि. उक्त विषयमा संलग्न नरहेको भन्दै कम्पनीको नाम अनावश्यक रूपमा जोडिएकोप्रति आपत्ति रहेको बताए ।

घटक...

संयुक्त घटक संस्थाहरूले वैदेशिक रोजगार क्षेत्रमा कुनै निश्चित व्यक्ति वा समूहलाई मात्र लाभ पुग्ने गरी सिन्डिकेट कायम गर्ने, अन्य व्यवसायीहरूलाई व्यवसायबाट विस्थापित गर्ने वा सीमित व्यवसायीहरूको नियन्त्रणमा रोजगारीका अवसर केन्द्रित गर्ने कुनै पनि प्रयास आफूहरूलाई स्वीकार्य नहुने बताएका छन् ।

मञ्चले भने सिन्डिकेटको विरोधमा लाग्नुपर्ने बेला संघको नेतृत्वलाई कमजोर देखाउने प्रयास गरिएको भन्दै संयुक्त विज्ञप्तिमा हस्ताक्षर नगरी छुट्टै वक्तव्यमार्फत आफ्नो धारणा सार्वजनिक गरेको छ ।

सिण्डिकेटविरुद्धका कार्यक्रममा ऐक्यबद्धता जनाउँदै नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई एफडब्ल्युसिएकएसमा समावेश भएका २५ वटा संस्थालाई तत्काल कठोर कारबाहीको प्रक्रिया अघि बढाउन जोडदार माग गरिएको छ । वैदेशिक रोजगार व्यवसायीहरूको समान अधिकारमाथि हस्तक्षेप गर्ने दुश्प्रयासलाई निस्तेज पार्न नेपाल सरकार, युवा तथा श्रम रोजगार मन्त्रालय तथा कूटनीतिक नियोगहरूलाई तत्काल उचित कदम चाल्नसमेत ध्यानाकर्षण गराइएको छ ।

वैशाखयता ५ हजार बढी विपद्का घटना

२५० जनाको मृत्यु

काठमाडौं/मस-२०८३ वैशाख १ गतेदेखि भदौ ६ गते बिहानसम्म देशभर ५ हजार ६० वटा विपद्का घटना भएका छन् । ती घटनामा परी २५० जनाको मृत्यु भएको छ भने ९ जना अझै बेपत्ता छन् । १ हजार ६२४ जना घाइते भएका छन् भने विपद्का कारण ६ हजार ३१५ परिवार प्रत्यक्ष प्रभावित भएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यस वर्ष सबैभन्दा बढी मानवीय क्षति सर्पदंशबाट भएको छ । वैशाखयता देशभर सर्पदंशका १ हजार २६ वटा घटना अभिलेख भएका छन् । सर्पदंशबाट मात्रै ६९ जनाको मृत्यु भएको छ भने ९६८ जना घाइते भएका छन् । यसबाट १ हजार ३० परिवार प्रभावित भएका छन् ।

वर्षायाममा बढी देखिने पहिरोका १ हजार २९ वटा घटना भएका छन् । पहिरोमा परी ४३ जनाको मृत्यु, २ जना बेपत्ता र ५२ जना घाइते भएका छन् । पहिरोबाट १ हजार परिवार प्रभावित भएका छन् ।

यस्तै, चट्याङका २४५ घटनामा २८ जनाको मृत्यु र १३९ जना घाइते भएका छन् भने २९७ परिवार प्रभावित भएका छन् । बाढीका २७६ घटनामा २५ जनाको मृत्यु, ७ जना बेपत्ता र १४ जना घाइते भएका छन् । बाढीबाट ५३५ परिवार प्रभावित भएका छन् ।

उच्च हिमाली क्षेत्रमा लेक लाग्ने ५९ घटनामा २४ जनाको मृत्यु र ३६ जना घाइते भएका छन् । यसबाट ५८ परिवार प्रभावित भएका छन् ।

आगलागीका १ हजार १४० घटना अभिलेख भएका छन् । आगलागीमा २० जनाको मृत्यु र १५८ जना घाइते भएका छन् भने १ हजार २५५ परिवार प्रभावित भएका छन् ।

जंगली जनावरको आक्रमणका २७३ घटनामा १८ जनाको मृत्यु र १६८ जना घाइते भएका छन् । हावाहुरीका ४८० घटनामा १३ जनाको मृत्यु, ६८ जना घाइते र १ हजार ३५८ परिवार प्रभावित भएका छन् ।

यसैगरी भारी वर्षाका ३२४ घटनामा ४ जनाको मृत्यु र १३ जना घाइते भएका छन् भने ३२६ परिवार प्रभावित भएका छन् । डुंगा पल्टिँदा भएको एक घटनामा २ जनाको मृत्यु भएको छ ।

वन डढेलोका १९१ घटनामा १ जनाको मृत्यु र २ जना घाइते भएका छन् । हिउँ पहिरोका २ घटनामा १ जनाको मृत्यु र १ जना घाइते भएका छन् । विस्फोटनको एक घटनामा १ जनाको मृत्यु र १ जना घाइते भएका छन् । अन्य विपद्का ५ घटनामा १ जनाको मृत्यु र ४ जना घाइते भएका छन् ।

असिनाका ४ तथा भूकम्पका ४ घटनामा भने मानवीय क्षति नभएको प्राधिकरणले जनाएको छ ।

२४ घण्टामा ४६ विपद्का घटना

यसैबीच, भदौ ५ गते बिहान ८ बजेदेखि भदौ ६ गते बिहान ८ बजेसम्मको २४ घण्टामा देशभर ४६ वटा विपद्का घटना भएका छन् । यस अवधिमा मानवीय मृत्यु नभए पनि बाढीमा परी १ जना बेपत्ता भएका छन् भने १८ जना घाइते भएका छन् ।

प्राधिकरणका अनुसार पछिल्लो २४ घण्टामा विपद्का कारण अनुमानित ७ लाख रुपैयाँ बराबरको भौतिक सम्पत्ति क्षति भएको छ । देशका ८ स्थानमा सडक अवरुद्ध भएका छन् भने २ वटा चौपायाको क्षति भएको छ । विपद् व्यवस्थापन, उद्धार तथा सुरक्षाका लागि १३३ जना प्रहरी परिचालन गरिएको छ ।

२४ घण्टाको अवधिमा पहिरो र सर्पदंशका घटना सबैभन्दा बढी अभिलेख भएका छन् । १२ जिल्लामा पहिरोका १८ घटनामा १ जना घाइते भएका छन् भने ५५ जना प्रहरी परिचालन गरिएको छ ।

त्यस्तै, १२ जिल्लामा सर्पदंशका १६ घटना भएका छन् । सर्पदंशमा परेका १६ जना नै घाइते भई उपचाररत छन् । उद्धार तथा व्यवस्थापनका लागि १६ जना प्रहरी परिचालन गरिएको छ ।

बाढीका ३ वटा घटनामा १ जना बेपत्ता भएका छन् । बाढी प्रभावित क्षेत्रमा १६ जना प्रहरी परिचालन गरिएको छ । आगलागीका ४ घटनामा २८ जना प्रहरी परिचालन गरिएको थियो । अविरल वर्षाका ४ घटनामा १७ जना प्रहरी परिचालन गरिएको छ । यस्तै, एक जिल्लामा जंगली जनावरको आक्रमणको एक घटनामा १ जना घाइते भएका छन् ।

बालेनको मुस्ताङ मोह

मध्यान्ह संवाददाता
काठमाडौं, ६ भदौ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता वालेन्द्र शाह (बालेन) प्रधानमन्त्री भएपछि पहिलो पटक भ्रमणमा निस्किएका छन्। प्रधानमन्त्रीको कार्यभार सम्हालेको करिब पाँच महिनापछि मुस्ताङ पुगेका हुन्।

प्रधानमन्त्री शाहको मुस्ताङ यात्राले उनको व्यक्तिगत रुचि र प्रधानमन्त्री पदको सार्वजनिक जिम्मेवारीबीचको सम्बन्धलाई चर्चामा ल्याएको छ। प्रधानमन्त्री कार्यालयले उनको मुस्ताङ भ्रमणलाई निजी भनेको छ। पोखराबाट मुस्ताङ पुगेका शाहको मुख्य कार्यक्रम मुक्तिनाथ दर्शन रहेको छ।

प्रधानमन्त्री भएपछि बालेन देशभित्रै पहिलो पटक यात्रामा निस्केका हुन्। यसलाई धार्मिक भ्रमणका रूपमा मात्रै हेरिएको छैन। पछिल्लो समय उनको सार्वजनिक जीवनमा देखिएको फरक शैली, निजी समयलाई दिएको प्राथमिकता र औपचारिक राजनीतिक गतिविधिभन्दा बाहिरको उनको रुचिसँग जोडेर कतिपयले टिप्पणी गरेका छन्।

मुस्ताङ आफैंमा धार्मिक, पर्यटकीय र प्राकृतिक दृष्टिले महत्वपूर्ण गन्तव्य हो। मुक्तिनाथ हिन्दू र बौद्ध धर्मावलम्बीका लागि समान रूपमा आस्थाको केन्द्र हो।तर प्रधानमन्त्रीको भ्रमण भएकाले प्रश्न पनि उठेका छन्। निजी भ्रमण भए पनि उनको सुरक्षा र यात्राका क्रममा राज्यका संयन्त्र परिचालित हुन्छन्। त्यसैले प्रधानमन्त्रीको निजी भ्रमण कति निजी रहन्छ भन्ने

बहससमेत सुरु भएको छ।

यद्यपि, मुस्ताङ भ्रमणलाई कुनै राजनीतिक भेटघाट वा विशेष राजनीतिक उद्देश्यसँग जोड्ने आधिकारिक आधार अहिलेसम्म सार्वजनिक भएको छैन। अहिलेका लागि यसलाई बालेनको निजी समय, धार्मिक आस्था र मुस्ताङप्रतिको आकर्षणका रूपमा हेर्न सकिन्छ।

रास्वपा केन्द्रीय समिति बैठक काठमाडौंस्थित चमतीमा चलिरहँदा उनी मुस्ताङ भ्रमणमा निस्किएकोले पनि विभिन्न कोणबाट विश्लेषण भइरहेको छ। उनको भ्रमणलाई लिएर पार्टी र सरकारले समेत आधिकारिक धारणा सार्वजनिक गरेको छैन। यद्यपि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उनको भ्रमण नितान्त व्यक्तिगत भनेको छ। कुनै सुरक्षा संयन्त्रलाई आधिकारिक जानकारी नगराई नेपालको हिमाली जिल्ला मुस्ताङ भ्रमणमा निस्किएका बालेनको भ्रमण निजी भ्रमण भएको प्रधानमन्त्री कार्यालयका प्रवक्ता हेमराज अर्यालले बताए। 'सम्माननीयको यो भ्रमण निजी हो। अन्य बुझ्न परे उहाँको सचिवालयमा बुझ्न सकिनेछ,' उनले भने।

शाहले पार्टी बैठक निरन्तर छल्दै आएका छन्। रास्वपा वरिष्ठ नेता भएर पनि उनी रास्वपाका कुनै पनि औपचारिक वा अनौपचारिक बैठक तथा राजनीतिक गतिविधिमा संलग्न छैनन्। संसदीय दलको बैठकसमेत पार्टी सभापति लामिछानेले नै सञ्चालन गर्दै आएका छन्। रास्वपाले वरिष्ठ नेता मनोनीत गरेका उनले अहिलेसम्म शपथसमेत लिएका छैनन्।

काठमाडौंबाट धादिङ पुग्दासम्म नेपाली सेनाबाहेक सुरक्षा निकायका कुनै अधिकारीलाई थाहै थिएन। धादिङको गजुरीस्थित नेपाली सेनाको भैरव गणमा केहीबेर रोकिएका प्रधानमन्त्री शाह शुक्रबार दिउँसै पोखरा पुगेर अन्नपूर्ण इको भिलेज रिसोर्टमा बसेका थिए।

शनिबार उनी पोखराबाट मुस्ताङ लागेका हुन्। उनको यो भ्रमण देशको आन्तरिक शान्ति, सीमा सुरक्षा र पर्यटकीय प्रवर्द्धनसँग जोडेर समेत हेरिएको छ। मुस्ताङ भ्रमणलाई लिएर सामाजिक सञ्जालमा समर्थन र विरोध दुवै छन्। मुस्ताङमा विश्वप्रसिद्ध लक्जरी रिसोर्टहरू (जस्तैः शिन्ता मणी मुस्ताङ/मोक्ष) सञ्चालनमा छन्। प्रधानमन्त्री रिसोर्ट प्रेमी हुनुभएकाले कार्यव्यस्तताबाट केही समय विश्राम लिन र प्राकृतिक सुन्दरताको आनन्द लिन त्यसतर्फ गएको एकाथरिले टिप्पणी गरेका छन्।

सीमावर्ती पालिकाहरू-लोमान्थाङ गाउँपालिका र लो-घेकर दामोदरकुण्ड गाउँपालिकाका केही दुर्गम क्षेत्रहरूमा चिनियाँ पक्षले केन्द्र सरकारलाई पूर्वजानकारी नै नदिई राहत सामग्री वितरण गर्ने गरेको गुनासो आउने गरेको छ। सोही गतिविधिको वस्तुस्थिति बुझ्न प्रधानमन्त्रीको मुस्ताङ भ्रमणले सकारात्मक सन्देश दिएको कतिपयको भनाइ छ। त्यस्तै नेपाल-चीन सीमा क्षेत्र (कोरला नाका नजिक) मा रहेको पिल्लर नम्बर २४ र पिल्लर नम्बर ३३ आसपासका क्षेत्रहरूमा भएका सीमा स्तम्भको निरीक्षणसमेत हुने अनुमान छ। उनको भ्रमण निजी भनिए पनि सरकारी तथा निजी सवारीको लावालस्कर र अगुवा-पछुवासहित हुइँकिएको विषयलाई लिएर फरक-फरक टीका टिप्पणी भइरहेको छ।

हेटौंडा कपडा उद्योग सञ्चालन गर्न तत्काल अर्थबाट बजेट नलिइने

हेटौंडा/मस- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री गौरीकुमारी यादवले लामो समयदेखि बन्द रहेको हेटौंडा कपडा उद्योगलाई निरन्तर सञ्चालनमा ल्याउन तत्काल अर्थ मन्त्रालयबाट थप बजेट नमागी उद्योग संचालन गरिने बताएकी छिन्।

मन्त्री यादवले कानुनी प्रकृया मिलाएर औद्योगिक क्षेत्रबाट वर्षौंदेखि उठ्न नसकेको करिब आधा अर्ब रुपैयाँ बराबरको भाडा बक्यौता असुल गरिएको रकमलाई हेटौंडा कपडा उद्योगको स्तरउन्नति तथा सञ्चालनमा खर्च गर्ने गरी व्यवस्था मिलाउने बताएकी हुन्। हेटौंडामा परीक्षण सञ्चालनमा रहेको कपडा उद्योगको स्थलगत अवलोकन गर्दै मन्त्री यादवले उद्योगलाई अब परीक्षणमै सीमित नराखी नियमित र निरन्तर उत्पादनमा लैजानुपर्ने बताइन्। हाल उद्योगमा १० वटा लुम सञ्चालनमा रहेर कपडा उत्पादन भइरहेको तथा थप १० वटा मेसिनसमेत सञ्चालनमा ल्याउने तयारी भइरहेको जानकारी दिइएको छ। नेपाली सेनाका प्रतिनिधिहरूले उद्योगमा रहेका सम्पूर्ण मेसिन तथा उपकरणको अवस्था परीक्षण तथा निरीक्षण गरिरहेको र सम्भव भएसम्म थप मेसिन सञ्चालनमा ल्याउने गरी काम भइरहेको जानकारी मन्त्री

यादवलाई गराएका थिए।

मन्त्री यादवले हेटौंडा कपडा उद्योग पुनः सञ्चालनमा ल्याउने कामलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताउँदै उद्योगलाई दिगो रूपमा सञ्चालन गर्न नेपाली सेनाको निरन्तर सहयोग आवश्यक रहेको उल्लेख गरिन्।

उनले भनिन्,'अब हेटौंडा कपडा उद्योग निरन्तर सञ्चालन हुनुपर्छ। त्यसका लागि अझै अग्रसर भएर आवश्यक सहयोग गर्न नेपाली सेनालाई अनुरोध गर्दछु।'

मन्त्री यादवले आफूहरूले दिएको समयसीमाभित्रै उद्योगलाई परीक्षण सञ्चालनमा ल्याउन महत्वपूर्ण भूमिका खेलेको भन्दै नेपाली सेनालाई धन्यवादसमेत दिइन्। नेपालकै सबैभन्दा ठूलो टेक्सटाइल उद्योगका रूपमा हेटौंडा कपडा उद्योगलाई हेरिएको र यसमा रहेका सम्पूर्ण मेसिन सञ्चालनमा ल्याउन सके नेपाललाई पर्याप्त मात्रामा कपडा उत्पादन गर्न सकिने उद्योगमन्त्री गौरिको विश्वास छ।

वर्षौंदेखि बन्द अवस्थामा रहेको सरकारी उद्योगलाई पुनः सञ्चालनमा ल्याउने क्रममा सरकारको आफ्नै स्रोत परिचालन गरी उद्योगको स्तरउन्नति गर्ने मन्त्री यादवको घोषणाले हेटौंडा कपडा उद्योगलाई आत्मनिर्भर रूपमा सञ्चालन गर्ने सरकारको योजनालाई थप स्पष्ट पारेको छ।

रास्वपाको 'नीति, संगठन र नेतृत्व' मन्थन सुरु

काठमाडौं/मस- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले केन्द्रीय सदस्यका लागि आयोजना गरेको 'नीति, संगठन र नेतृत्व'सम्बन्धी दुईदिने कार्यशाला यहाँ सुरु भएको छ। 'रास्वपा कार्यशाला-नीति, संगठन र नेतृत्व, शृंखला-१' नाम दिइएको कार्यशालामा पार्टीको नीति, संगठन सुदृढीकरण, नेतृत्व क्षमता विकासका बारेमा छलफल भइरहेको रास्वपाका संगठन विभाग प्रमुख प्रमोद न्यौपानेले जानकारी दिए।

शनिबार'नेपालको चित्र, हामी कहाँ छौं ?' शीर्षकमा अनिल चित्रकारले देशको वर्तमान र अवस्था तथा उपसभापति डा.स्वर्णिम वाग्लेले पार्टीको प्रस्तावना, सामाजिक लोकतन्त्र र त्यसका आधारबारे प्रस्तुति दिएका छन्। महामन्त्री विपिनकुमार आचार्यले पार्टीका आधारभूत मूल्य-मान्यता तथा स्थानीय निर्वाचनका लागि उम्मेदवार छनोटको रूपरेखा, पूर्वसचिव सुरेन्द्र अर्यालले बजेट निर्माणको वैज्ञानिक प्रक्रिया तथा उपसभापति सोविता गौतमले पार्टी र सरकारबीचको अन्तरसम्बन्ध, समस्या र समाधानका उपायबारे प्रस्तुति दिने कार्यक्रम छ। कार्यशालाको दोस्रो दिन निवर्तमान महामन्त्री कविन्द्र बुर्लाकोटीले पार्टीको संगठनात्मक संरचना, त्यसको सुदृढीकरण र केन्द्रीय सदस्यहरूको भूमिका तथा संगठन विभाग प्रमुख न्यौपानेले 'मिडिया र सोसल मिडियाः कसरी प्रयोग गर्ने?' मन्तव्य व्यक्त गर्ने कार्यक्रम छ।

सरकार र नागरिक बचाउ महाअभियानबीच १४ बुँदे सहमति

काठमाडौं/मस- नेपाल सरकार र राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाभियान नेपालबीच १४ बुँदे सहमति भएको छ। सहमति भएसँगै महाभियानले आयोजना गर्दै आएका धर्ना तथा आन्दोलनका सम्पूर्ण कार्यक्रम शनिबारका मितिदेखि अन्त्य गर्ने निर्णय भएका छन्। काठमाडौं उपत्यका प्रवेश गरी ललितपुरको पुल्चोकमा धर्नामा रहेका महाभियानका प्रतिनिधि र सरकारद्वारा गठित वार्ता टोलीबीच भएको गहन छलफलपछि उक्त सम्झौतापत्रमा हस्ताक्षर भएको जनाइएको छ।

सरकारका तर्फबाट वार्ता टोली संयोजक एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव लिलाधर सुवेदी र महाभियानका तर्फबाट वार्ता समिति संयोजक विष्णु बोहोरा क्षेत्रीले सहमतिपत्रमा हस्ताक्षर गरेका छन्। सहमतिपत्रमा कालोसूचीमा परेका ऋणीहरूको बैंक खातामा रहेको सामाजिक सुरक्षा भत्ता, औषधोपचार खर्च रकम, निवृत्तिभरण रकम र तलब खाता सञ्चालनमा बैंक तथा वित्तीय संस्थाले रोक लगाउन नपाउने व्यवस्था गर्ने, लघुवित्त संस्थाको

कालोसूची र धितो लिलामसम्बन्धी विद्यमान व्यवस्थामा नेपाल राष्ट्र बैंकले पुनरावलोकन गर्ने तथा कर्जा मिनाहसम्बन्धी मागका विषयमा तथ्यांक संकलन र विश्लेषण गरी उपयुक्त कार्यान्वयनयोग्य विकल्प तयार गरी नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक र सम्बन्धित निकायमार्फत कार्यान्वयन गर्ने उल्लेख छ।

साथै परिस्थितिजन्य कारणले कर्जाको साँवा तथा ब्याज नियमित गर्न नसकेका बैंक तथा वित्तीय संस्थाका ऋणीको हकमा कर्जा पुनर्तालिकीकरण गर्नेसम्बन्धी व्यवस्था थप गरी कार्यान्वयन गर्ने गराउने, लघुवित्त संस्थाले ऋण प्रवाह गर्दा धितोस्वरूप अग्रिम चेक लिने, खाली कागजमा तमसुक गराउनेलगायतका कार्यलाई नियमित निगरानी गरी त्यस्ता कार्य पूर्णरूपमा बन्देज गरिनेछ।

साथै बैंक तथा वित्तीय संस्थासम्बन्धी समस्या र गुनासोको प्रभावकारी व्यवस्थापन गर्न नेपाल राष्ट्र बैंकमा अनलाइन प्रणाली एवं टोल फ्री हटलाइनको व्यवस्था गर्ने र सोको प्रभावकारिताको नियमित अनुगमन गर्ने, बचत खातामा रहेको रकमबाट सम्बन्धित ऋणीको ऋण समायोजन गर्दा सोको विवरणसहितको जानकारी सम्बन्धित व्यक्तिलाई दिने तथा अनिवार्य बचत खातामा रहेको रकमबाहेक अन्य खातामा रहेको बचत रकम सम्बन्धित सदस्यले माग गरेमा अनिवार्य उपलब्ध गराउने व्यवस्था गरी सोको प्रभावकारी अनुगमन गर्ने सहमतिमा उल्लेख गरिएको छ।

त्यसैगरी सहमतिअनुसार लघुवित्त संस्थाका सदस्य, ऋणी र कर्मचारीसँग सम्बन्धित समस्या निराकरणका लागि आवश्यक अध्ययन गरी सुझाव दिन अर्थ मन्त्रालयले स्वतन्त्र विज्ञ सम्मिलित लघुवित्त संस्थाका समस्या समाधानसम्बन्धी उच्चस्तरीय समिति गठन गर्ने, साथै उक्त समितिले अध्ययन गर्दा पीडित ऋणी सदस्य तथा सरोकारवालाहरूसँग छलफल गरिनेछ।

त्यसैगरी, ऋण असुलीका लागि यातना दिने, घरबाट जिन्सी सामान उठाएर लैजाने, किस्ता नतिरेसम्म संस्थाका कर्मचारी घरमै बसेर धरपकड, गाली बेइज्जती, दुर्व्यवहारलगायतका गैरकानुनी कार्यहरू गरेमा त्यस्ता कार्यउपर पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी गर्ने र प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाउन गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरिनेछ। त्यसैगरी धितो लिलाम एवं पञ्चकृत मूल्यांकनसम्बन्धी प्रक्रियालाई पारदर्शी बनाउन धितो लिलामको सूचना निकाल्नुपूर्व अनिवार्य रूपमा ऋणीलाई जानकारी दिने व्यवस्था गर्नेगरी कानुनी एवं प्रक्रियागत सुधार गर्ने, धितो लिलाम गरी सम्पूर्ण लेना रकम असुलउपर भइसकेपछि ऋण राफसाफ हुने र कालोसूचीबाट हटाउने व्यवस्था गर्न कानुनी सुधारलगायतका आवश्यक व्यवस्था मिलाउने सम्झौता भएको छ।

सहमतिपत्रमा ऋण असुली न्यायाधिकरणमा ऋणीले पुनरावेदन गर्न लाग्ने धरौटी तथा शुल्क रकम पुनरावलोकन गर्न सोसम्बन्धी कानुनमा आवश्यक संशोधन गर्ने, ऋण प्रवाह तथा ऋण असुली गर्ने क्रममा धितोको मूल्यांकन गर्दा देखिएका समस्या समाधानका लागि विद्यमान नीतिगत व्यवस्थामा सुधार गर्ने उल्लेख छ।

सहमति अनुसार विस्थापनमा परेका तथा लगत लिन छुट भएका वास्तविक सुकुमवासीको पहिचान गरी निजहरूको स्थायी बसोबासको व्यवस्था लागि भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहसँगको समन्वयमा यथाशीघ्र प्रभावकारी व्यवस्थापन गर्ने र राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान नेपालको धर्ना तथा आन्दोलनका कार्यक्रम शनिबारदेखि अन्त्य गर्ने उल्लेख छ।

भूमिसम्बन्धी समस्या समाधान सरकारको उच्च प्राथमिकतामा

सुदूरपश्चिम/मस- भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलले भूमिसम्बन्धी समस्या समाधान सरकारको उच्च प्राथमिकतामा रहेकाले सोहीअनुसार स्थानीय तहले सहयोग गर्नुपर्ने बताएकी छिन्। कैलालीको धनगढी उपमहानगरपालिकामा शनिबार आयोजित कार्यक्रममा उनले अव्यवस्थित बसोबासी, भूमिहीन परिवारलाई लालपुर्जा वितरणका लागि आवश्यक सहजीकरण तथा समन्वयका लागि सरकार सम्पूर्ण रूपमा तयार रहेको बताइन्। मन्त्री रावलले विकासका अन्य गतिविधिजस्तै भूमिसम्बन्धी समस्या समाधानलाई पनि उच्च प्राथमिकतामा राखेर काम गर्न धनगढी उपमहानगरपालिकालाई आग्रह गरिन्।

यसअघि भूमि समस्या समाधान समिति कैलालीको बैठकमा उनले



६०० दिनभित्र लालपुर्जा वितरण गरिसक्ने गरी सरकारले काम गरिरहेको जानकारी दिँदै जिल्लाका सबै पालिकामा समस्या समाधानका लागि सहजीकरण गर्न समितिलाई आग्रह गरिन्। मन्त्री रावलले भूमि समस्या समाधान कार्यका लागि आवश्यक स्रोतसाधन, जनशक्ति उपलब्ध गराउन सरकार तयार रहेको बताइन्।

समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले कैलालीमा चाडै लालपुर्जा वितरण गर्ने तयारीबारे छलफल भएको जानकारी दिए। मन्त्री रावल कैलाली र कञ्चनपुरमा विभिन्न कार्यक्रममा सहभागी हुने कार्यतालिका रहेको प्रमुख जिल्ला अधिकारी रेग्मीले बताए।

बागमतीका मुख्यमन्त्रीले भदौ ८ गते विश्वासको मत लिने

काठमाडौं/मस- बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले विश्वासको मत लिने भएका छन्।

नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को समर्थनमा मुख्यमन्त्री बनेका थापाले भदौ ८ गते सोमवार विश्वासको मत लिनु लागेका हुन्। त्यसअघि भदौ ७ गतेका लागि विश्वासको मत लिने तयारीअनुसार प्रदेशसभा सचिवालयलाई पत्राचार गरेको मुख्यमन्त्री थापाले विश्वासको मतका लागि भदौ ८ गतेका लागि तोकेका हुन्।

मुख्यमन्त्री थापाको संशोधित पत्रअनुसार प्रदेश सभा सचिवालयले भदौ ८ गते विश्वासको मत लिन प्रदेशसभा बैठक आह्वान गरिएको

छ। भदौ ८ गते दिउँसो १ बजेका लागि बोलाइएको बैठकमा मुख्यमन्त्री थापाले विश्वासको मत लिने सम्बन्धी कार्यसूची रहेको प्रदेशसभा सचिवालय हेटौंडाले जनाएको छ।

मुख्यमन्त्री थापाकाअनुसार गृह जिल्ला जाने कार्यक्रम तय भएको र अन्य दलहरूको सुझावअनुसार मिति सारिएको हो। आइतबार कार्य व्यवस्था परामर्श समितिको बैठक बसेर विश्वासको मत सम्बन्धी प्रक्रिया टुंग्याउने र सोमबार मत विभाजनसहितको प्रक्रिया अघि बढाइने उनको भनाइ छ।

नेपालको संविधानको धारा १६८ को २ बमोजिमको सरकारको लागि भदौ ३ गते दाबी पेश गरेको थापा भदौ ४ गते मुख्यमन्त्रीमा नियुक्त भएका हुन्।१०४ सदस्यीय बागमती प्रदेशसभामा सरकार सञ्चालन तथा बहुमत सिद्ध गर्न ५३ जना सांसदको समर्थन आवश्यकता पर्दछ। बिहीबार मुख्यमन्त्रीको शपथ ग्रहण गरेका थापाले ६ जना मन्त्री नियुक्त गरेका थिए। प्रदेशसभाबाट विश्वासको मत प्राप्त गरेसँगै मन्त्रीपरिषद्लाई पूर्णता लिने उनको तयारी छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
हक दावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७५।०८।२१ मा दर्ता भएको **प्रा.लि. नं. २०३९४१** को **नेसनल हाउस अफ डाइनामिक युथ प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

हकदाबी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७२/०७/३० मा दर्ता भएको **हिरन्मयी इन्टरप्राइजेज प्रा.लि. दर्ता नं. १४१७३३** को मिति २०८३/०३/३१ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय चन्द्रागिरी काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध छ। अन्यथा तोकिएको म्यादभित्र हक दाबी गर्न नआए उक्त कम्पनीको दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेज गरिने व्यहारा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।
लिक्विडेटरः शंकर खनाल, काठमाडौं-२९, इजाजतपत्र नं. ४७२, फोन : ९८५१११६२०३

कम्पनीको नाम परिवर्तन गरिएको सूचना
तेस्रो पटक प्रकाशित मिति २०८३/०५/०७

यस कम्पनीको मिति २०७९।०९।२० मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **ग्लोवल प्याकेजिङ्ग मार्केटिङ्ग नेपाल प्रा.लि. (दर्ता नं. ९११०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९।१०।२४ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **पेपरलेस सोलुसन प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना
तेस्रो पटक प्रकाशित मिति २०८३/०५/०७

यस कम्पनीको मिति २०८३।०४।१० मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **हेबाइल इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. (दर्ता नं. ११२२८२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०५।०१ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **ब्लुप्रिन्ट कन्सल्टिङ्ग प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

यूएईमा रोजगार | कम्पनी : SADA AL RUYA TECHNICAL SERVICES LLC | शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८३/०५/२९ | चलानी नं.: ६०२५९७७५ | LT. No.: 346391

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Assist. Electrician	3	0	सम्बन्धित काममा दक्ष	1200	४९,९३२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Buiding Painter	2	0		1500	६२,४१५							
3.	Building Electrician	2	0		1500	६२,४१५							
4.	Gen. Plumber	4	0		1500	६२,४१५							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १४ गते (30 August 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. २१०० कामदारले	रु. १,५०० कामदारले	रु १०,०००/-

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Govt. Lic. No.: 1170/073/074
LEADING AIM INTERNATIONAL PVT. LTD
Basundhara-3, Kathmandu, Contact: 015904026, 9813993444, 9857033430, 9829351505, 9701158644, 9848785982.
Email: leadingaim04@gmail.com, Web.: www.leadingaim.com.np

कुवेतमा रोजगार | कम्पनीः DAMPA FISH & CHAUTARI RESTAURANT | शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०९/०२ चलानी नं.: ६०२४९१४९ | L.T. No.: 335186 | पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Assistant Cook	4	0	सम्बन्धित काममा दक्ष	120	५९,७८२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Cook	7	0		150	७४,७२८							
3.	Dish Washer	3	0		100	४९,८१९							
4.	Juice Maker (Fresh Juice)	5	0		140	६९,७४६							
5.	Male Cashiers	5	0		140	६९,७४६							
6.	Waiters	4	0		130	६४,७६४							
7.	Waitress	0	9		130	६४,७६४							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १४ गते (30 August 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,००० कामदारले

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

SHARON MANPOWER SERVICES PVT.LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457, URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Saroj Gautam : 9851038901 Basant Rana : 9801026390
Govt Lic. No.: 647/063/064

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

बढ्यो कारबाही, घटेन भ्रष्टाचार

नेपालमा पछिल्लो पाँच वर्षमा भ्रष्टाचारविरूद्ध कारबाही बढेको छ । आर्थिक वर्ष २०७७/७८ देखि २०८२/८३ सम्म पूर्वप्रधानमन्त्री, पूर्वसभामुख, पूर्वमन्त्री, प्रदेश सांसद तथा स्थानीय तहका प्रमुख/उपप्रमुख गरी १११ उच्च पदस्थ व्यक्तिविरूद्ध भ्रष्टाचार मुद्दा लाग्यो । जबकि अघिल्लो पाँच वर्ष २०७१ देखि २०७७ सम्म उच्च पदस्थ सात जना व्यक्तिविरूद्ध मात्रै भ्रष्टाचार मुद्दा चलेको थियो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको यो तथ्यांकले साना माछा मात्रै समातिन्छन् भन्ने पुरानो आरोप खण्डित गर्दछ । पतञ्जलि जग्गा प्रकरणमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, भेपमा लुकाइएको सुन तस्करी प्रकरणमा पूर्वसभामुख कृष्णबहादुर महरा, वाइडबडी तथा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलजस्ता प्रकरणमा उच्च पदस्थ व्यक्तिहरूमाथि मुद्दा चलेको छ ।

तर कारबाही बढ्दा भ्रष्टाचार घटेको छैन । बरू भ्रष्टाचारको स्वरूप जटिल बन्दैछ । पहिले भ्रष्टाचारको लेनदेन सिंहदरबार, मन्त्रालय वा आयोजना स्थलमा हुन्थ्यो । सरकारी अधिकारीले ठेकेदारसँग पैसा लिन्थे, बिचौलियाले रकम पुऱ्याउँथे र सम्पत्ति नेपालमै जोडिन्थ्यो । अहिले सार्वजनिक खरिदको निर्णय नेपालमा हुन्छ, तर विदेशी कम्पनीसँग कारोबार हुने, बिचौलिया कम्पनी विदेशमा खडा हुने र कमिसनको डिलिङसमेत विदेशमै हुने प्रवृत्ति बढेको छ । संसदीय समितिमा अख्तियारका प्रमुख आयुक्त प्रेमकुमार राईले गरेको ब्रिफिङअनुसार नेपालमा हुने ठुला भ्रष्टाचारको डिलिङ सबैभन्दा बढी संयुक्त अरब इमिरेट्स (युएई)मा हुने गरेको छ । अमेरिका र सिंगापुर पनि त्यस्ता कारोबारसँग जोडिएका छन् । तर यी देशसँग पारस्परिक कानुनी सहायता सन्धि छैन । परिणाममा ती देशमा रहेका बैंक खाता, कम्पनीको वास्तविक मालिक र रकमको प्रवाहसम्बन्धी सूचना प्राप्त गर्न नेपाललाई कठिन छ । विकल पौडेल र सुनिल पौडेलसँग जोडिएका प्रकरणले यही देखाउँछ । अर्थात्, नेपालमा मुद्दा चले पनि विदेशमा पुगेको भ्रष्टाचारको पैसा फिर्ता ल्याउन कठिन छ ।

एकातिर भ्रष्टाचारविरूद्ध कारबाही बढेको छ । अर्कातिर भ्रष्टाचार गर्ने तरिका र संयन्त्र नेपाल बाहिर पुगेको छ । यसकाकारण भ्रष्टाचारविरूद्ध कारबाही बढे पनि भ्रष्टाचार र भ्रष्टाचारजन्य गतिविधि घटेको छैन । एक पटक भ्रष्टाचार गरेर पैसा विदेश लैजान सके बचिन्छ भन्ने मनोविज्ञान छ । यसको स्रोत भनेको मन्त्रिपरिषद्को नीतिगत निर्णय हो । एक पटक मन्त्रिपरिषद्बाट नीतिगत निर्णय भएर काम भएपछि त्यसमाथि अनुसन्धान गर्न नै अख्तियारलाई सीमा छ । मन्त्रिपरिषद्ले गरेको भन्दै नीतिगत निर्णयलाई स्वतः अनुसन्धानबाट बाहिर राख्ने कानुनी व्यवस्था छ । पतञ्जलि प्रकरणमा अख्तियारले नीतिगत नभई व्यक्तिगत ठहर गरेर मुद्दा चलाएको छ । अर्थात्, यस्तो अनुसन्धानमा सीमा स्पष्ट छैन । त्यसैले १११ जना भिआइपीविरूद्ध मुद्दा चलेको तथ्यांकलाई उपलब्धि मान्दै अब भ्रष्टाचारको संरचना भत्काउनुपर्छ । यस निम्ति नेपालभित्रका व्यक्तिमात्र होइन, विदेशमा पुगेको भ्रष्टाचारको पैसा र सम्पत्तिसम्म पुग्ने कानुनी शक्ति दिइयोस् । युएई, अमेरिका र सिंगापुरजस्ता मुलुकसँग पारस्परिक कानुनी सहायता तथा वित्तीय सूचना आदानप्रदानको प्रभावकारी संयन्त्र बनाइयोस् । नीतिगत निर्णयको आवरणमा हुने भ्रष्टाचारलाई अनुसन्धानको दायरामा ल्याउने गरी कानुन बनाइयोस् ।

शिक्षा : चेतनाको मूलढोका

शिक्षा केवल अक्षर चिनाउने, पढ्न लगाउने र सूचना प्रवाह गर्ने माध्यम मात्र होइन । यो मानिसको बन्द ढोकाजस्तै नखोलिएको दिमाग खोल्ने कुञ्जी हो । मानिसको दिमाग खुल्यो भने हृदय खुल्छ । हृदय खुल्यो भने सहिष्णुता, मानवता, विवेक र परोपकारी भावनाको जन्म हुन्छ । मानिसले आर्जन गर्ने यिनै मूल्य र गुणहरूले समाजलाई सभ्यता र समृद्धिको बाटोमा अगाडि बढाउँछन् । यस अर्थमा शिक्षा मानिसको व्यक्तिगत सम्पत्ति मात्र नभई सामूहिक उन्नतिको आधारशीला पनि हो ।

अग्रलेख

● डा.देवीप्रसाद आचार्य

शिक्षालाई विभिन्न विद्वान्हरूले फरक-फरक तरिकाले अर्थ्याएका छन् । सभ्यताको विकाससँगै मानिसले सुखी र सम्पन्न जीवनको आधार शिक्षा मान्दै आएको पाइन्छ । मानव जीवनमा शिक्षा आर्जनको न आदि हुन्छ, न त अन्त्य नै । शिक्षा जीवनपर्यन्त चलिरहने प्रक्रिया हो । शिक्षा प्राप्त गर्नु भनेको विश्वविद्यालयबाट उच्चशिक्षाको प्रमाणपत्र आर्जन गर्नु मात्र होइन । शिक्षाका बाटा र पाटाहरू अनेक छन् । शिक्षा केवल पाठ्यक्रमको ज्ञान मात्र होइन, समाज बदल्ने नैतिक जिम्मेवारी हो । प्लेटोका शब्दमा शिक्षा आत्मालाई उज्यालोतर्फ मोड्ने माध्यम हो । यही उज्यालो सोचबाट दिमाग सकारात्मक बन्दछ । 'तमसोमा ज्योतिर्गमय'को मार्ग निर्देश गर्न शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्दछ । दार्शनिक सुकरातका शब्दमा शिक्षा भनेको भाँडो भर्नु होइन, आगो बाल्नु हो । यो आगो भनेको मगजमा उत्पन्न हुने जिज्ञासा हो । जिज्ञासाले प्रश्न गर्ने साहास र सत्य खोज्ने चेतना दिन्छ । यस अर्थमा शिक्षालाई दिमाग खोल्ने चेतनामय कुञ्जीको रूपमा अर्थ्याउन सकिन्छ ।

त्यसो त शिक्षा आर्जनको एकद्वार विधि हुँदैन । शिक्षा औपचारिक, अनौपचारिक तथा अनियमित प्रक्रियाबाट आर्जन हुन्छ । औपचारिक शिक्षा आर्जनका संस्थाहरू विद्यालय, महाविद्यालय र विश्वविद्यालयहरू हुन् भने अनौपचारिक शिक्षाअन्तर्गत शिक्षालयबाहिरका संघसंस्थाहरू हुन् । अनौपचारिक रूपमा आर्जन गरिने शिक्षाले पनि मानिसको मन, मस्तिष्क र चिन्तनको विकासमा भूमिका खेलेको हुन्छ । घर, परिवार, छिमेक, समुदाय, सञ्चारका साधन, स्वअध्ययन, अन्तरक्रिया, छलफल, बहस, विचार विमर्श, अवलोकन आदिजस्ता माध्यमबाट पनि मानिसले शिक्षा आर्जन गरिरहेको हुन्छ । मानिसले जहाँबाट जसरी शिक्षा आर्जन गरे तापनि यसको मुख्य काम मानिसको मगजलाई फराकिलो बनाउनु हो । दिमाग खोल्नु हो । अँध्यारोबाट उज्यालो मार्गको यात्रामा हिँड्न सक्ने क्षमता आर्जन गर्नु हो ।

प्राचीन समयमा विद्यालय र विश्वविद्यालयहरू थिएनन् । मानिसले अनौपचारिक रूपमा आर्जन गरेको अनुभव र सिकाइका आधारमा जीवन बिताउने गर्दथे । समाज विकासको क्रमसँगै विद्यालयहरू खोलिए । विश्वविद्यालयहरू निर्माण भए । आधुनिक समाज निर्माणसँगै विद्यालय तथा विश्वविद्यालयहरूमा पढ्नेहरूलाई शिक्षित भनिन थालियो । अनियमित वा अनौपचारिक शिक्षाबाट प्राप्त ज्ञानले प्रशिक्षित भए तापनि शिक्षित र अशिक्षितहरू छुट्याउने क्रममा औपचारिक शिक्षाको मानदण्डले मान्यता पाएको देखिन्छ । औपचारिक शिक्षाकै आधारमा हरेक क्षेत्रमा दक्ष जनशक्ति उत्पादन हुन्छन् । डाक्टर, इन्जिनियर, प्राध्यापक, शिक्षक, वकिल, प्रशासक, वैज्ञानिक, आदि इत्यादि क्षेत्रका जनशक्ति उत्पादन गर्नका लागि विश्वविद्यालयहरूले विशेषज्ञताको भूमिका खेलेका हुन्छन् । यस कोणबाट हेर्दा दक्ष जनशक्ति उत्पादन गर्नका लागि औपचारिक शिक्षाको महत्त्व रहेको पाइन्छ ।

शिक्षा ज्ञानको स्रोत हो । चाणक्य भन्छन्, 'ज्ञानले विनम्रता दिन्छ, विनम्रताबाट चरित्र जन्मन्छ ।' रुसोका अनुसार पनि शिक्षा चरित्र निर्माणको स्रोत हो भन्ने छ । चरित्र निर्माणको सवाल मानिसको सोचसँग जोडिएको हुन्छ । सकारात्मक सोचले व्यक्ति र समाजलाई सभ्य, सुसंस्कृत बनाउँछ भने नकारात्मक सोचले अपराधीकरणतर्फ निर्देश गर्दछ । शिक्षा सत्यम्, शिवम् र सुन्दरम्को भाव सिर्जना गर्ने पुञ्ज हो । सिर्जनात्मक चिन्तनको आधार हो । मार्टिन लुथर भन्छन्, 'शिक्षाको मूल काम गहिरो र समालोचनात्मक सोच सिकाउनु हो ।' मार्टिनका अनुसार गहिरो चिन्तनको विकास नभईकन समालोचनात्मक सोचको सिर्जना हुन सक्दैन भन्ने हुन आउँछ । यस कोणबाट हेर्दा शिक्षाले व्यक्तिको मगजलाई गुण र दोषको आधारमा देश र दुनियाँलाइ हेर्न सक्ने फराकिलो क्षमताको विकास गर्दछ ।

नेलसन मन्डेलाले शिक्षा संसार परिवर्तन गर्ने सबैभन्दा शक्तिशाली हतियार हो भनेका छन् । त्यो हतियार तब मात्र प्रयोग हुन सक्दछ, जब त्यसले शिक्षितहरूको दिमाग खोल्न सक्दछ । अल्बर्ट आइन्टाइन भन्छन्, 'प्रश्न गर्न सक्नु नै शिक्षाको आत्मा हो । प्रश्न गर्न सक्नुको अर्थ सबल र दुर्बल पक्षको आधारमा सत्यको खोजी गर्ने क्षमता हो ।' यसरी हेर्दा शिक्षाले समालोचनात्मक तथा आलोचनात्मक दृष्टिकोणको विकास गर्दछ ।

शिक्षाले मानव जीवनका आयामहरूमा भिन्नभिन्न कार्य गर्ने भए तापनि यसको मुख्य कार्य मानिसको मगज खोल्नु हो । मगज खोल्नेक्रममा शिक्षाले व्यक्तिका अन्तरनिहित प्रतिभाहरूको विष्फोट गराउन मद्दत गर्दछ । व्यक्तिबाट व्यक्तित्व निर्माण गर्न पनि शिक्षाको नै भूमिका हुन्छ । वास्तवमा शिक्षा बालबालिकाका लागि सामाजिकीकरणको माध्यम हो भने युवाहरूको लागि शिष्ट, सभ्य सिर्जनशील तथा पेसागत ज्ञान र सीप आर्जनको आधार हो । शिक्षाको महिमा यति गहन छ कि धनीहरूका आभूषण, वृद्धहरूका लागि आत्मसन्तुष्टि तथा गरिबहरूका लागि आयआर्जनको साधन हो ।

शिक्षाले व्यक्तिको सर्वांगीण विकासमा सहयोग गर्दछ । सामाजिक, नैतिक, बौद्धिक, सांस्कृतिक, आत्मिक, सौन्दर्यात्मक, संवेगनात्मकलगायत गुणहरूको विकास गर्न शिक्षाले कुञ्जीको रूपमा काम गर्दछ । महात्मा गान्धीको शब्दमा बालक र मानिसको शरीर, मन, आत्मामा रहेका असल कुराहरूलाई सम्पूर्ण रूपमा बाहिर निकाल्ने काम शिक्षाले गर्दछ । यसको अर्थ मानिसमा खराब कुराहरू पनि हुन्छन् तर खराब चिन्तन, आचरण र अभ्यासको अन्त्य गरी असल व्यवहार निर्माण गर्न शिक्षाले औषधिरूपी काम गर्दछ । शिक्षाका बारेमा महात्मा गान्धीको जस्तो मिल्दोजुल्दो भनाइ भिक्टर हयुगोको पनि छ । उनी भन्छन्, 'जो मान्छेले विद्यालयको ढोका खोल्छ, उसले जेलको ढोका बन्द गर्छ ।' यसको अर्थ शिक्षाले समाजलाई अपराधी चिन्तन र अभ्यासको अन्त्य गरी विकास र नवप्रवर्तनको दिशामा डोहोऱ्याउन दियोरूपी उज्यालोको भूमिका खेल्दछ । अहिले हाम्रो समाजमा पढेलेखेका मानिसहरूको संख्यामा वृद्धि भइरहेको छ । परन्तु समाजमा विभेद, अशान्ति, द्वन्द्व, भ्रष्टाचार, अपराधीकरण, हत्या, हिंसा, सम्बन्धहरूमा टकरावजस्ता क्रियाकलाप बढिरहेको देखिन्छ । गान्धीले भनेको जस्तो असल चरित्र र अभ्यास समाजले अनुभव गर्न सकिएको छैन । बुद्धले भन्छन्, 'तिमी जस्तो सोच्छौ त्यस्तै बन्छौ ।' यसको अर्थ सोचाइले मानिलाई निर्देश गर्दछ भन्ने हो । हाम्रो शिक्षाले समाजको मन, मष्तिस्कलाई गान्धी, बुद्ध र भिक्टर हयुगोले भने जस्तो असल चरित्र, सकारात्मक सोच तथा अपराधमुक्त व्यवहार निर्माण हुन सकेन भन्ने कोणबाट घोत्लिनुपर्ने अवस्था देखिन्छ ।

अन्त्यमा, शिक्षा केवल अक्षर चिनाउने, पढ्न लगाउने र सूचना प्रवाह गर्ने माध्यम मात्र होइन । यो मानिसको बन्द ढोकाजस्तै नखोलिएको दिमाग खोल्ने कुञ्जी हो । मानिसको दिमाग खुल्यो भने हृदय खुल्छ । हृदय खुल्यो भने सहिष्णुता, मानवता, विवेक र परोपकारी भावनाको जन्म हुन्छ । मानिसले आर्जन गर्ने यिनै मूल्य र गुणहरूले समाजलाई सभ्यता र समृद्धिको बाटोमा अगाडि बढाउँछन् । यस अर्थमा शिक्षा मानिसको व्यक्तिगत सम्पत्ति मात्र नभई सामूहिक उन्नतिको आधारशीला पनि हो । त्यसैले दिमाग खोल्न सक्ने कुञ्जीरूपी शिक्षा आजको आवश्यकता हो ।

युवाको भविष्य विदेशमा !

विचार

● केशव गौतम

युवा विदेश पलायनका सकारात्मक र नकारात्मक दुवै प्रभाव छन् । विदेशबाट आउने रेमिट्यान्सले परिवारको आय, शिक्षा, स्वास्थ्य तथा दैनिक जीवनमा सहयोग पुऱ्याउनुका साथै विदेशी मुद्रा सञ्चितिमा योगदान गरेको छ । तर यसको अत्यधिक निर्भरता दीर्घकालीन रूपमा जोखिमपूर्ण हुन सक्छ ।

उद्यमेन हि सिद्ध्यन्ति कार्याणि न मनोरथैः ।
न हि सुप्तस्य सिंहस्य प्रविशन्ति मुखे मृगाः ।।

भावार्थ : केवल इच्छा गरेर सफलता प्राप्त हुँदैन, परिश्रम र उद्यम आवश्यक हुन्छ ।

नेपाल प्राकृतिक स्रोत, सांस्कृतिक विविधता र युवा जनशक्तिले सम्पन्न देश हो । तर विडम्बना, स्वदेशमा पर्याप्त रोजगारी तथा अवसरको अभावका कारण ठुलो संख्यामा नेपाली युवा बिदेसिन बाध्य छन् । वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सले नेपालको अर्थतन्त्रलाई महत्त्वपूर्ण योगदान पुऱ्याए पनि उत्पादनशील युवा जनशक्ति निरन्तर बाहिरिनु दीर्घकालीन विकासका दृष्टिले गम्भीर चुनौती हो । त्यसैले बेरोजगारी र युवा पलायनलाई आर्थिक मात्र नभई सामाजिक, जनसांख्यिक र राष्ट्रिय विकासको असरका रूपमा हेर्न आवश्यक छ ।

नेपालमा बेरोजगारी बढ्नुका पछाडि विभिन्न आर्थिक, शैक्षिक, औद्योगिक तथा नीतिगत कारण रहेका छन् । पहिलो, उद्योग तथा उत्पादनमूलक क्षेत्रको कमजोर विकास हो । पर्याप्त उद्योग स्थापना तथा विस्तार हुन नसक्दा ठुलो संख्यामा रोजगारी सिर्जना हुन सकेको छैन । निजी क्षेत्रको लगानी, उत्पादन र व्यवसाय विस्तारमा रहेका संरचनात्मक समस्याले पनि रोजगारीको अवसर सीमित बनाएको छ । दोस्रो, शिक्षा र श्रमबजारबीच असन्तुलन रहेको छ । विद्यालय तथा विश्वविद्यालयबाट उत्पादित जनशक्तिको सीप बजारको मागअनुसार हुन नसक्दा शिक्षित बेरोजगारी बढेको छ । व्यावसायिक तथा प्राविधिक शिक्षाको पहुँच र गुणस्तर विस्तार गर्नुपर्ने आवश्यकता छ ।

तेस्रो, लगानी तथा नीतिगत अस्थिरता पनि प्रमुख कारण हो । राजनीतिक अस्थिरता, प्रशासनिक झन्झट, भ्रष्टाचार, कमजोर पूर्वाधार तथा नीतिगत अनिश्चितताले लगानीको वातावरण प्रभावित पार्दा उद्योग र रोजगारी विस्तार सुस्त भएको छ । चौथो, कृषि क्षेत्रप्रतिको घट्दो आकर्षण हो । आधुनिक प्रविधि, सिंचाइ, बजार, उचित मूल्य र कृषि पूर्वाधारको अभावका कारण युवाहरू कृषि पेशाबाट टाढिँदै गएका छन् । फलस्वरूप ग्रामीण क्षेत्रबाट शहर तथा विदेशतर्फ बसाइँसराइ बढेको छ । पाँचौं, न्यून पारिश्रमिक र कमजोर रोजगारीको गुणस्तर पनि युवा बिदेसिनुको कारण हो । स्वदेशमा उपलब्ध धेरै रोजगारीमा कम आय, सीमित सामाजिक सुरक्षा र करियर विकासका

अवसर कम भएकाले विदेशमा तुलनात्मक रूपमा बढी आम्दानीको सम्भावना खोज्ने प्रवृत्ति बढेको छ ।

युवा विदेश पलायनका सकारात्मक र नकारात्मक दुवै प्रभाव छन् । विदेशबाट आउने रेमिट्यान्सले परिवारको आय, शिक्षा, स्वास्थ्य तथा दैनिक जीवनमा सहयोग पुऱ्याउनुका साथै विदेशी मुद्रा सञ्चितिमा योगदान गरेको छ । तर यसको अत्यधिक निर्भरता दीर्घकालीन रूपमा जोखिमपूर्ण हुन सक्छ । युवा बाहिरिँदा गाउँ रित्तिँदै र कृषि क्षेत्र कमजोर हुँदै गएको अवस्था देखिन्छ । खेतीयोग्य जमिन बाँझो रहने, कृषि श्रमिकको अभाव हुने र खाद्यान्न आयातमा निर्भरता बढ्ने समस्या देखिन सक्छ । त्यस्तै, दक्ष प्राविधिक, निर्माणकर्मी, मेकानिक, इलेक्ट्रिसियनलगायत जनशक्ति विदेशिँदा स्वदेशी उद्योग तथा निर्माण क्षेत्रमा दक्ष श्रमिकको अभाव हुन सक्छ ।

यसको पारिवारिक तथा सामाजिक असर पनि महत्त्वपूर्ण छ । परिवारका सदस्य लामो समय अलग रहँदा बालबालिका, वृद्धवृद्धा तथा पारिवारिक सम्बन्धमा विभिन्न चुनौती आउन सक्छन् । साथै, उत्पादनशील उमेरका युवाको ठुलो हिस्सा विदेशिँदा देशको जनसांख्यिक संरचना र भविष्यको श्रमशक्तिमा समेत असर पर्न सक्छ ।

बेरोजगारी र युवा पलायन नियन्त्रणका लागि सरकारले उत्पादनमूलक रोजगारी सिर्जनालाई प्राथमिकता दिनुपर्छ । कृषि, पर्यटन, जलविद्युत्, सूचना प्रविधि, निर्माण तथा साना-मझौला उद्योगमा लगानी विस्तार गर्न आवश्यक छ । शिक्षालाई रोजगारीसँग जोड्दै प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास विस्तार गर्नुपर्छ । युवालाई सहुलियतपूर्ण ऋण, व्यवसाय परामर्श, बजार पहुँच तथा स्टार्टअप प्रवर्धनमार्फत उद्यमशील बनाउनुपर्छ ।

त्यस्तै, लगानीमैत्री वातावरण, सुशासन, भ्रष्टाचार नियन्त्रण, नीतिगत स्थिरता र सरल प्रशासनिक प्रक्रिया सुनिश्चित गर्नुपर्छ । विदेशबाट फर्किएका युवाको सीप, पुँजी र अनुभवलाई स्वदेशी उद्योग, कृषि, पर्यटन तथा उद्यममा उपयोग गर्ने प्रभावकारी नीति आवश्यक छ । संघ, प्रदेश र स्थानीय तहले स्थानीय स्रोतमा आधारित रोजगारी सिर्जना तथा युवा लक्षित कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ ।

नेपालको वास्तविक शक्ति प्राकृतिक स्रोतसँगै यसको ऊर्जाशील युवा जनशक्ति हो । रेमिट्यान्सले तत्काल आर्थिक राहत दिए पनि श्रमशक्ति निरन्तर विदेश पठाएर मात्र दिगो समृद्धि हासिल गर्न सकिँदैन । नेपालले अब 'श्रम निर्यात गर्ने अर्थतन्त्र'बाट 'रोजगारी सिर्जना गर्ने अर्थतन्त्र'तर्फ रूपान्तरण हुन आवश्यक छ ।

यसका लागि गुणस्तरीय शिक्षा, सीप विकास, उद्यमशीलता, उत्पादन वृद्धि, लगानी, सुशासन र रोजगारी सिर्जनालाई राष्ट्रिय प्राथमिकता बनाउनुपर्छ । युवाले स्वदेशमै सम्मानजनक भविष्य देख्ने वातावरण निर्माण गर्न सके मात्र युवा पलायन घटाई आत्मनिर्भर, समृद्ध र उत्पादनशील नेपाल निर्माण गर्न सकिन्छ ।

उद्योगिनं पुरुषसिंहमुपैति लक्ष्मीः ।

अर्थात् परिश्रमी र उद्यमी व्यक्तिकहाँ नै सफलता र समृद्धि आउँछ । यही भावना राज्यको नीति र युवाको प्रयासमा रूपान्तरण गर्न सके नेपालको युवा शक्ति बिदेसिने होइन, देश निर्माणमा परिचालित हुने आधार तयार हुनेछ ।

इतिहासको पाना

● सन्तोष खडेरी

राणा जेलबाट बिपीको रिहाइ

सन् १९४७ मा राणा जेलमा रहेका बिपी कोइरालाको रिहाइ महात्मा गान्धीको अपिलपछि भएको थियो वा त्यसअघि नै ? यो एक रोचक ऐतिहासिक प्रसंग हो । नेपाली राष्ट्रिय कांग्रेसका कार्यकारी अध्यक्ष बिपी कोइराला सन् १९४७ मार्चमा सुरु भएको विराटनगर जुटमिल हडतालमा सहभागी हुन भारतबाट नेपाल आउँदा राणा सरकारबाट पहिलोपटक गिरफ्तार भएका थिए । त्यसपछि उनलाई काठमाडौंको जेलमा राखियो । ६ महिनाको जेलजीवनपछि बिपी रिहा भएका थिए । उनको रिहाइका लागि जयप्रकाश नारायण र राममनोहर लोहियाका साथै महात्मा गान्धीले समेत तत्कालीन प्रधानमन्त्री पद्मशमशेरलाई पत्र पठाएर अपिल गरेको बताइन्छ ।

यस प्रसंगबारे बिपीले भोला चटर्जीलाई दिएको अन्तर्वार्ता र आफ्नो 'आत्मवृत्तान्त' दुवैमा उल्लेख गरेका छन् । जेलमा घाँटीको समस्या बल्झिएपछि भारतमा कृष्णप्रसाद भट्टराई र बालचन्द्र शर्मालगायत नेताहरूले गान्धीलाई भेटेर रिहाइका लागि अपिल गरिदिन आग्रह गरेका थिए । गान्धीको अपिलपछि नै आफू छुटेको बिपीको भनाइ छ । तर, पछि पद्मशमशेरसँगको भेटमा भने उनले गान्धीको अपिल पत्र पाउनुअगावै चिकित्सकहरूको सुझाव र स्वास्थ्य अवस्थाका कारण बिपीलाई छाडिएको बताएका थिए ।

त्यतिबेलाका उपलब्ध ऐतिहासिक दस्तावेजहरूले पनि पद्मशमशेरकै भनाइलाई पुष्टि गर्छन् । नेपालबाट बिपी रिहा भएको मिति र भारतमा नेपाली नेताहरूले गान्धीलाई भेटेको मिति हालै प्राप्त नयाँ तथ्यबाट स्पष्ट भएको छ । तत्कालीन भारतीय समाचार एजेन्सी 'एपिआई'को समाचार र भारतीय कांग्रेसका नेता रघुनाथ सिंह ठाकुरको संस्मरणले ती दुवै मितिको पुष्टि गर्छन् ।

एपिआईका अनुसार २२ अगस्ट १९४७ को अबेर साँझ कृष्णप्रसाद भट्टराईसहित चारजना नेपाली नेताहरूले कलकत्तामा गान्धीलाई भेटेका थिए । त्यतिबेला गान्धी दंगाग्रस्त बंगालको भ्रमणमा थिए । अर्कातिर नेपालको संविधान मस्यौदा टोलीका सदस्य रघुनाथ सिंह ठाकुरको संस्मरणअनुसार, बिपी सोही दिन (२२ अगस्ट) नै काठमाडौं जेलबाट रिहा भइसकेका थिए ।

गान्धीसँगको भेटको खबर भोलिपल्ट (२३ अगस्ट) को पत्रिकामा मात्र छापिएको थियो भने गान्धीले पद्मशमशेरलाई पठाएको पत्र नेपाल पुग्न थप समय लाग्ने नै भयो । यसबाट गान्धीको पत्र काठमाडौं नपुग्दै र उनको अपिलभन्दा अगाडि नै चिकित्सकको सल्लाहअनुसार पद्मशमशेरले बिपीलाई रिहा गरिसकेका थिए भन्ने कुरा प्रमाणित हुन्छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

कतारमा नेपाली महिला भलिबल टोलीको ऐतिहासिक जित

तिलु शर्मा पौडेल / मध्यान्ह
दोहा, कतार, ६ साउन

कतारमा श्रमिक सहयोग तथा बीमा कोषको आयोजनामा सञ्चालित महिला च्याम्पियनसिप कप-२०२६ को उपाधि नेपाली महिला भलिबल टोलीले जितेको छ। शुक्रबार सम्पन्न फाइनल खेलमा नेपाली टोलीले फिलिपिन्स 'बी'लाई लगातार तीन सेटमा पराजित गर्दै ऐतिहासिक रूपमा उपाधि आफ्नो नाममा लेखाएको हो।

कोसेली मगरको कप्तानीमा नेपाली टोली मैदानमा उत्रिएको थियो भने नेपाली टोलीका प्रशिक्षकका रूपमा सागर बिक रहेका थिए। फाइनलमा नेपालले फिलिपिन्स 'बी'लाई २५-२३, २५-२१ र २५-१० को सोझो सेटमा पराजित गर्दै शानदार जित दर्ता गऱ्यो। उपाधिसँगै नेपाली टोलीले कप, मेडल र पाँच हजार कतारी रियाल पुरस्कार प्राप्त गरेको छ। विदेशी भूमिमा नेपाली महिला खेलाडीहरूले देखाएको उत्कृष्ट प्रदर्शनले नेपाली खेलकुदसँगै राष्ट्रिय गौरवलाई समेत थप उचाइ दिएको छ।

कतारको अन्तर्राष्ट्रिय खेल मैदानमा नेपाली टोलीले राष्ट्रिय झण्डा फहराउँदै नेपाली महिला खेलाडीहरू अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम छन् भन्ने सशक्त सन्देश दिएको छ। फाइनलमा नेपालले सुरुआतदेखि नै आत्मविश्वासपूर्ण खेल प्रदर्शन गरेको थियो। पहिलो सेटमा २५-२३ को रोमाञ्चक जित निकालेको नेपालले दोस्रो सेट २५-२१ ले आफ्नो पक्षमा पाऱ्यो। तेस्रो सेटमा भने नेपाली खेलाडीले थप आक्रामक र संयमित खेल प्रदर्शन गर्दै फिलिपिन्स 'बी'लाई २५-१० ले पराजित गरे। लगातार तीन सेट आफ्नो पक्षमा पार्दै नेपालले उपाधि चुमेको हो।

फाइनलअघि नेपालले सेमिफाइनलमा फिलिपिन्स 'ए'लाई पराजित गर्दै फाइनलमा स्थान बनाएको थियो। अर्को सेमिफाइनलमा फिलिपिन्स 'बी'ले ट्युनिसियालाई पराजित गरेपछि नेपाल र फिलिपिन्स 'बी' बीच उपाधिका लागि प्रतिस्पर्धा भएको थियो। फाइनलपछि नेपाली खेलाडीहरूले हातमा कप उचाल्दै र मैदानमा नेपालको राष्ट्रिय झण्डा फहराउँदै गरेको दृश्य कतारमा रहेका नेपालीका लागि भावुक र गौरवपूर्ण क्षण बनेको थियो। विदेशी भूमिमा नेपाली चेलीहरूले देखाएको यो प्रदर्शनले नेपाली महिला भलिबलको सम्भावनालाई नयाँ उचाइमा पुऱ्याएको छ। आजको खेलमा करीब हजारको हाराहारीमा नेपाली समर्थक ग्राउन्डमा पुगेको थिए।

कतारमा नेपाली महिला भलिबल टोलीको उपस्थिति करिब शून्यको अवस्थाबाट सुरु भएको थियो। नियमित रूपमा खेल्ने संगठित टोली थिएन, खेलाडीहरू एकै ठाउँमा थिएनन् र अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्ने तयारीसमेत थिएन। तर गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसिसी) कतारले जुलाईको दोस्रो साता अन्तरसामुदायिक अन्तरदेशीय महिला भलिबल प्रतियोगितामा सहभागी हुने निर्णय गरेपछि नेपाली महिला टोली निर्माणको अभियान सुरु भयो।

शून्यबाट टोली निर्माण गर्ने जिम्मेवारी एनआरएनए एनसिसी कतारको खेलकुद विभागले लियो। खेलकुद विभागका संयोजक राजन चापागाईंले सामाजिक सञ्जाल, फोन सम्पर्क तथा कतारमा रहेका नेपाली संघसंस्थासँग समन्वय गर्दै कतारभरि छरिएर रहेका नेपाली महिला खेलाडीहरूको खोजी थाले। क्रमशः खेलाडीहरू सम्पर्कमा आउन थाले र सबैलाई जोडेर एउटा साझा ह्वाट्सएप समूह निर्माण गरियो। त्यसपछि अनौपचारिक रूपमा सुरु भएको अभियानले विस्तारै औपचारिक टोलीको स्वरूप लिन थाल्यो।

टोली निर्माण भएपछि अर्को चुनौती थियो–अभ्यासका लागि मैदान, खेलाडीहरूको आवतजावत, जर्सी, खाजा, पानी र प्रतियोगिताका लागि आवश्यक अन्य खर्चको व्यवस्थापन। सीमित समय र स्रोतकाबीच एनआरएनए एनसिसी कतारको कार्यसमिति सहित थुप्रै नेपालीहरुले व्यवस्थापन र समन्वयमा साथ दिए। टोलीलाई प्रतियोगितामा सहभागी गराउन कतारमा रहेका नेपाली व्यवसायी, समाजसेवी तथा शुभेच्छुकहरूसँग सहयोगको अपिल गरिएको थियो। नेपाली महिला खेलाडीलाई अन्तर्राष्ट्रिय मञ्चमा पुऱ्याउने अभियानप्रति विश्वास गर्दै विभिन्न व्यक्तित्व तथा व्यवसायीहरूले आर्थिक र भौतिक सहयोग गरे।

मैदानको व्यवस्था भएपछि नियमित अभ्यास सुरु भयो। छोटो समयमै नयाँ खेलाडीबीच तालमेल मिलाउने, कमजोरी सुधार्ने, खेल कौशल निखार्ने र प्रतियोगिताका लागि मानसिक तथा शारीरिक रूपमा तयार हुने चुनौती खेलाडीहरूसामु थियो। कतिपय खेलाडी आफ्नो रोजगारी र व्यक्तिगत जिम्मेवारी पूरा गरेर अभ्यासमा पुग्थे। थकान, समयको अभाव र विभिन्न व्यस्तताबीच पनि उनीहरूले अभ्यासलाई निरन्तरता दिए।

शून्यबाट सुरु भएको त्यो टोली क्रमशः बलियो बन्दै गयो। खेलाडीको मेहनत, प्रशिक्षकको मार्गदर्शन, व्यवस्थापनको निरन्तर खटाइ र कतारमा रहेका नेपाली समुदायको साथले टोलीमा आत्मविश्वास बढ्दै गयो। अन्ततः मैदानमा उत्रिएपछि त्यही मेहनत प्रदर्शनमा परिणत भयो। यसरी केही समयअघि मात्रै 'टोली कसरी बनाउने?' भन्ने अवस्थाबाट सुरु भएको नेपाली महिला भलिबल टोली आज 'च्याम्पियन' बनेको छ। त्यसैले कतारमा नेपाली महिला भलिबलको यो यात्रा साँच्चिकै जिरोदेखि हिरोसम्मको यात्रा बनेको छ। उपाधिसँगै नेपाली खेलाडीहरूले व्यक्तिगत विधामा समेत उत्कृष्ट प्रदर्शन गरेका छन्। प्रतियोगिताको उत्कृष्ट खेलाडी (एमभिपी)को पुरस्कार नेपाली टोलीकी कप्तान कोसेली मगर ले जितेकी छन्। त्यस्तै उत्कृष्ट स्पाइकर को पुरस्कार नेपाली टोलीकी पुष्पा शाही ले प्राप्त गरेकी छन्। नेपाली टोलीले उत्कृष्ट युनिफर्म को पुरस्कारसमेत जितेको छ। पुरस्कारसँगै २ हजार कतारी रियाल पुरस्कार समेत प्राप्त गर्यो।

भलिबल टोलीको यो सफलतामा खेलाडीहरूको मेहनतसँगै प्रशिक्षक, व्यवस्थापन, समन्वयकर्ता तथा सहयोगीहरूको महत्वपूर्ण योगदान रहेको छ। एनसिसी कतारले नेपाली महिला भलिबल टोलीको ऐतिहासिक सफलतामा योगदान पुऱ्याउने सम्पूर्ण खेलाडी, प्रशिक्षक, व्यवस्थापन टोली, समन्वयकर्ता, सहयोगी संस्था, व्यवसायी तथा शुभेच्छुकहरूलाई धन्यवाद दिँदै बधाई व्यक्त गरेको छ।

रोजगारीका लागि विदेशिएका नेपालीहरू केवल श्रम बेचन विदेशिएका नागरिक मात्र होइनन्, अवसर पाए आफ्नो प्रतिभा र क्षमतामार्फत देशको नाम विश्वमाझ चिनाउन सक्ने सामर्थ्य राख्छन् भन्ने सन्देश नेपाली महिला भलिबल टोलीको सफलताले दिएको छ।

कतारको मैदानमा नेपाली चेलीहरू बल लिएर उत्रिँदा उनीहरूको लक्ष्य केवल खेल जित्नु थिएन, नेपाल जिताउनु थियो। हरेक अंकका लागि गरेको संघर्षमा मेहनत थियो, हरेक जितमा आत्मविश्वास थियो र उपाधि उचाल्दा फहरिएको नेपाली झण्डामा सम्पूर्ण नेपालीको गौरव जोडिएको थियो। यो जित केवल कप, मेडल र पाँच हजार कतारी रियाल पुरस्कारमा सीमित छैन। यो विदेशको भूमिमा नेपाली क्षमता, साहस, एकता र आत्मविश्वासको जित हो। अन्तर्राष्ट्रिय मैदानमा नेपाली महिला खेलाडी कमजोर छैनन्, अवसर र साथ पाए उनीहरूले जुनसुकै टोलीसँग प्रतिस्पर्धा गर्न सक्छन् भन्ने प्रमाण पनि हो।

टप इन्ड टी–२० सिरिज

नेपालको लगातार दोस्रो हार

काठमाडौं / मस– अस्ट्रेलियामा जारी 'टप इन्ड टी-२० क्रिकेट सिरिज'मा नेपाल 'ए' पुरुष टोलीले लगातार दोस्रो पराजय व्यहोरेको छ। नेपाल शनिबार बंगलादेश हाई-परफर्मेन्स-११ सँग नौ विकेटले पराजित भएको हो।

नेपाल 'ए' दिएको १०० रनको झिनो लक्ष्य बंगलादेशले १०.२ ओभरमा एक विकेटको क्षतिमा भेट्टायो। उसका लागि जिशान आलमले अर्धशतकीय पारी खेले। उनले २९ बलमा चार छक्का र तीन चौकासहित अविजित ५२ रनको पारी खेलका हुन्। नेपालका लागि बलिङमा साहब आलमले मात्र एक विकेट लिन सके। त्यसअघि टस हारेर ब्याटिङको मौका पाएको नेपाल 'ए' ले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर ९९ रन बनायो।

नेपालका लागि कुशल भुर्तेलले ४० बलमा तीन चौका र एक छक्कासहित सर्वाधिक ४६ रनको पारी खेले। यस्तै, साहब आलम र विपिन खत्रीले समान ११-११ तथा रिजन ढकालले १० रन जोडे। बाँकी ब्याटरले भने दोहोरो अंकमा समेत रन जोड्न सकेनन्। बंगलादेशका लागि बलिङमा एमडी रुबेलले चार ओभरमा १८ रन दिएर सर्वाधिक चार विकेट लिए। जारी प्रतियोगितामा नेपाल 'ए'ले तेस्रो खेलमा सोमबार होबार्ट हुरिकेन्स एकेडमीविरुद्ध खेल्ने तालिका छ। नेपालले पहिलो खेलमा आयोजक टोली नर्दन टेरिटोरी स्ट्राइकविरुद्ध आठ विकेटले पराजय व्यहोरेको थियो।

हकदाबी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वरमा मिति २०८०/०६/२४ मा दर्ता भएको **श्रीयाँन्स फर्मास्युटिकल्स प्रा.लि. दर्ता नं. ३२१७३०** को मिति २०८३/०३/३१ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय चन्द्रागिरी काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध छ। अन्यथा तोकिएको म्यादभित्र हक दाबी गर्न नआए उक्त कम्पनीको दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेज गरिने व्यहारा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।
लिक्विडेटरः शंकर खनाल, काठमाडौं-२९, इजाजतपत्र नं. ४७२, फोन : ९८५१११६२०३

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०८/२० मा दर्ता भएको **प्रा.लि. नं. २०३८९१** को **स्माईल मोडल डेन्टल केयर प्रा.लि.**को मिति २०८३/०५/०५ मा सम्पन्न विशेष साधारणसभाले कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन)मा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।
लिक्विडेटरः कुमार गुरुङ, इजाजतपत्र नं. ५२१, फोन नं. ९८४१८६१६३०

कम्पनीको नाम परिवर्तन गरिएको सूचना
तेस्रो पटक प्रकाशित मिति २०८३/०५/०७

यस कम्पनीको मिति २०८३।०३।३० मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **एडभेन्ट इन्टरप्राइजेज प्रा.लि. (दर्ता नं. २६९१६२)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०४।०४ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **इन्टरनेशनल युथ फोरम प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना
तेस्रो पटक प्रकाशित मिति २०८३/०५/०७

यस कम्पनीको मिति २०८०।१२।०८ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **पाण्डेय निर्माण एण्ड सप्लायर्स प्रा.लि. (दर्ता नं. १९६०९०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१।०१।०४ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **ए.एन.एस.एस. आइ.टि. कन्सल्टेन्सी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

शून्य लागत अन्तर्गत मलेसियामा रोजगारी
EMPLOYMENT IN MALAYSIA UNDER ZERO COST

शून्य लागत भर्ती: यो भर्ती शून्य लागत नीति अन्तर्गत सञ्चालन भइरहेको छ। भर्ती सम्बन्धी सबै खर्चहरू–पासपोर्ट, फोटो, मेडिकल जाँच, यातायात, खान र बस्न, भिसा, अभिमुखीकरण, बीमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष, श्रम स्वीकृति, हवाई टिकट र टाइटानिकको सेवा शुल्क–पूर्ण रूपमा रोजगारदाताले वहन गर्नेछ। उम्मेदवारहरूले कम्पनीको भर्ती प्रक्रिया वा नियुक्तिपछि कुनै पनि चरणमा शुल्क वा भुक्तानी तिर्नुपर्ने छैन।

Zero Cost Recruitment: This recruitment is conducted under a zero-cost recruitment policy. All recruitment-related expenses, including passport, photo, medical screening, transportation, lodging and food, visa, orientation, insurance, welfare fund, social security fund, labour approval, air ticket and Titanic's service charge, will be fully borne by the employer. Candidates are not required to pay any fees at any stage of the recruitment process or after placement.

CPE Tech

रोजगारदाता कम्पनी - च्याम्पियन प्रिसिजन टेक्नोलोजी एसडिएन. बिएचडी.
Employer Company - Champion Precision Technology Sdn. Bhd.
ठेगाना - जोहोर, मलेसिया
Address - Johor, Malaysia
फोन - +६०७ ८६३ ७७१८, Phone - + 607 863 7718
फ्याक्स - +६०७ ८६३ ७७०१, Fax - + 607 863 7701

कम्पनीको बारेमा - च्याम्पियन प्रिसिजन टेक्नोलोजी, एक मलेसियाली उत्पादन कम्पनी हो जसले विश्वव्यापी उद्योगहरूका लागि उच्च–परिशुद्धता मेसिनिङ (high–precision machining) र मेकानिकल एसेम्बलीमा विशेषज्ञता राख्दछ। यस कम्पनीले उन्नत CNC प्रविधिको प्रयोग गरी सेमिकन्डक्टर, अटोमोटिभ र मेडिकल क्षेत्रका लागि महत्त्वपूर्ण पाटपुर्जाहरू उत्पादन गर्दछ।

About Company - Champion Precision Technology is a Malaysian manufacturer specializing in high-precision machining and mechanical assemblies for global industries. The company manufactures critical components for the semiconductor, automotive, and medical sectors using advanced CNC technology.

पूर्व स्वीकृत मिति – २०८२/०१/१० Pre-approval Date - 2026/04/23	लट नम्बर – ३४१०५२ LT No. - 341052	चलानी नम्बर – ६०२५४३६७ Invoice No. - 60254367	पुन: विज्ञापन Re-advertisement

कामदारको पद Worker's Position	माग संख्या No. of Demand: पुरुष Male	महिला Female	न्यूनतम योग्यता Minimum Qualification	मासिक तलब Monthly Salary: आर एम RM	ने. रु. NRP	ओभरटाईम Overtime	प्रतिदिन काम गर्ने घण्टा Working Hours/Day	हप्तामा काम गर्ने दिन Working Days/Week	खाना सुविधा Food Facility	बस्ने सुविधा Accommodation Facility	करार अवधी Contract Period
औद्योगिक कामदार Factory Worker	१४ 14	० 0	एस.एल.सी वा सो भन्दा माथि SLC & Above	१७०० 1700	६२,९०० 62,900	कम्पनीको नियम अनुसार As Per Company Rule	७.५ घण्टा 7.5 Hours	६ दिन 6 Days	छैन No	छ Yes	२ वर्ष 2 years

पासपोर्ट खर्च Passport Expenses	मेडिकल जाँच शुल्क Medical Examination Fee	भिसा शुल्क Visa Fee	फाइनल अन्तर्वार्ताको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खान र बस्नको खर्च Transport, Food & Lodging Expenses During Final Interview & Before Departure	अभिमुखीकरण Orientation	नेपाल र मलेसियामा लाग्ने बिमा शुल्क Insurance Fee in Nepal & Malaysia	कल्याणकारी कोष Welfare Fund	सामाजिक सुरक्षा कोष Social Security Fund	हवाई टिकट खर्च Air Ticket Expenses	संस्थाको सेवा शुल्क Agency Service Charge
रोजगारदाताले ब्योहोर्ने By the employer	रोजगारदाताले ब्योहोर्ने By the employer	रोजगारदाताले ब्योहोर्ने By the employer	रोजगारदाताले ब्योहोर्ने By the employer	रोजगारदाताले ब्योहोर्ने By the employer	रोजगारदाताले ब्योहोर्ने By the employer	रोजगारदाताले ब्योहोर्ने By the employer	रोजगारदाताले ब्योहोर्ने By the employer	रोजगारदाताले ब्योहोर्ने By the employer	रोजगारदाताले ब्योहोर्ने By the employer

महत्त्वपूर्ण जानकारी Important Information

- आवेदकहरूको उमेर १८ बर्ष देखि ४५ बर्षको बिचमा हुनु पर्नेछ। इच्छुक आवेदकहरूहरूलाई उमेर प्रमाणिकरणको लागि नेपाल सरकारबाट जारी फोटो सहितको कम्तिमा दुईवटा परिचय पत्र साथमा लिएर उपस्थित हुन अनुरोध गर्दछौं। Applicants must be between 18 and 45 years of age. Interested applicants are requested to bring at least two photo IDs issued by the Government of Nepal for age verification.
- कामको क्षेत्र/ प्रकृति: औद्योगिक कामदार /उच्च CNC प्रविधिको प्रयोग गरी सेमिकन्डक्टर, अटोमोटिभ र मेडिकल उद्योगहरूका लागि उच्च–परिशुद्धता भएका मेकानिकल पाटपुर्जाहरू र एसेम्बलीहरूको उत्पादन
  Scope / Nature of Job: Factory worker/ Manufacturing of high-precision mechanical components and assemblies for the semiconductor, automotive, and medical industries using advanced CNC technology.
- बिदाको हक: Leave Entitlement:

सेवाको अवधि Year of Service	बार्षिक बिदा Annual Leave	बिरामी बिदा (प्रत्येक पात्रो वर्ष) Sick Leave (Each calendar Year)	सार्वजनिक बिदा Public Holiday	अस्पताल भर्ना बिदा Hospitalization Leave
२ वर्ष भन्दा कम Less than 2 Years	८ दिन 8 days	१४ दिन / 14 Days	११ दिन प्रत्येक पात्रो वर्ष (मलेसियाको श्रम ऐन अनुसार) / 11 Days each calendar year (In accordance with the labour laws in Malaysia)	६० दिन (प्रत्येक पात्रो वर्ष) / 60 Days (In each calendar year)
२–५ वर्ष 2-5 Years	१२ दिन 12 days	१८ दिन / 18 Days		
५ वर्ष भन्दा बढी More than 5 years	१६ दिन 16 Days	२२ दिन / 22 Days		

- प्रत्येक कामदारलाई हप्तामा एक दिन अनिवार्य बिदा उपलब्ध गराइन्छ, र ओभरटाइम सहितको कुल कार्य घण्टा, कानुनले अनुमति दिएको आपतकालीन अवस्था बाहेक, ६० घण्टा भन्दा नबढ्ने व्यवस्था गरिएको छ। Workers are entitled to one compulsory rest day per week, and total working hours, including overtime will not exceed 60 hours, except in emergencies permitted by law.
- नेपालमा हस्ताक्षर गरिएको रोजगार सम्झौता कामदारको हित तथा सुविधामा सुधार हुने अवस्थामा बाहेक कामदार गन्तव्य देशमा पुगेपछि पनि परिवर्तन हुने छैन। The employment contract signed in Nepal shall remain unchanged after the worker's arrival in the destination country, except where amendments are made solely for the worker's betterment.
- आवेदकहरुले कानुनले तोकेको अवस्थामा भन्दा बाहेक आफ्नो व्यक्तिगत पहिचान सम्बन्धी कागजात टाइटानिक वा अन्य कुनै पनि व्यक्ति/संस्थामा जम्मा गर्नु पर्ने छैन। Applicants are not required to deposit their personal identity documents to Titanic or anyone else unless required by law.
- कामदारहरूलाई स्वतन्त्र रुपमा संगठित हुने र सामुहिक हकहितका लागि कानुनले अनुमति दिए बमोजिम भेला हुने अधिकार छ। Workers have the right to freely associate and bargain collectively, where permitted by law.
- कानुनले तोकेको बाहेक कामदारको जागिर नियुक्ति पछि तलबमा कुनै कटौती हुने छैन। No deductions will be made from the worker's salary after placement, except as required by law.
- करार अवधि समाप्ती पश्चात वा उचित अवधिको सूचना दिइ करार अगावै रोजगारी समाप्त गरेमा स्वदेश फिर्ता हुँदा बसोबास भएको स्थान सम्म लाग्ने यातायात तथा निर्बाह खर्च (खाना र बस्न समेत) रोजगारदाताले बहन गर्नेछ। Upon completion of the employment contract, or in case of early termination with adequate notice, return transportation to the worker's habitual residence, including in-transit lodging, will be provided by the employer.
- यस रोजगारीको अवसर प्राप्त गर्नको लागि आवेदक वा आवेदकको परिवारका सदस्य वा अन्य कसैले टाइटानिक म्यानपावर सप्लायर प्रा. लि., यसका कर्मचारी वा अन्य कुनै व्यक्ति र संस्थालाई कुनै नगद रकम वा अन्य कुनै मूल्यवान वस्तुहरू जस्तै सुन, गरगहना, मोबाइल, घडी साथै पशुधन तथा कुनै पनि किसिमको उपहार आदि दिन निषेध गरिएको छ। To secure this employment opportunity, applicants or their family members are prohibited from paying any cash or providing valuable items, including gold, jewellery, mobiles, watches, livestock, or gifts, to Titanic Manpower Supplier Pvt. Ltd., its employees, or any other person or organization.
- यदि कामदारद्वारा भर्ती प्रक्रियाको क्रममा कुनै रकम खर्च गरिएको छ भने, रोजगारदाताको तर्फबाट टाइटानिकले प्रस्थान अघि पूर्ण रूपमा फिर्ता गर्नेछ। If a worker incurs any recruitment-related expenses, Titanic will reimburse the full amount on behalf of the employer, before departure.
- यस भर्तीको लागि कुनै धितो, निक्षेप, ऋणपत्र तथा बचत कार्यक्रमहरूमा सहभागी हुन यस संस्थाले अनुमति दिने वा स्वीकार गर्ने छैन। This organization does not allow or permit any kind of bonds, deposits, or savings programs in this recruitment process.
- यस संस्थाको कुनै पनि शाखा कार्यालय र जिल्ला प्रतिनिधिको कार्यालय नभएको स्पष्ट पार्न चाहन्छौं। तसर्थ इच्छुक आवेदकहरूलाई कुनै पनि एजेन्ट र बिचौलिया प्रयोग नगरी हाम्रो कार्यालयमा सिधैं सम्पर्क गर्न अनुरोध गर्दछौं। We notify that this organization does not have any branch office & district representative office. Interested applicants are requested to contact our office directly without using any agent / middleman.
- रोजगारीको लागि आवेदन दिन इच्छुक व्यक्तिले आवेदन फारम भर्नु अघि यस संस्थाको भर्ना पूर्वको अभिमुखीकरण सत्रमा अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ जहाँ आवेदकहरूलाई कामको प्रकृति, ज्याला र लाभहरू तथा काम सम्बन्धी सम्पूर्ण विवरणहरूको बारेमा जानकारी दिइन्छ। Any applicant willing to apply for this job must attend a pre-recruitment orientation to receive information including but not limited to the nature of job, wages, benefit, and other relevant details before submitting the application.
- भर्ती प्रक्रियामा सम्पूर्ण आवेदकलाई रोजगार छनोट गर्न पूर्ण स्वतन्त्रता प्रदान गरिएको छ। तसर्थ सम्पूर्ण इच्छुक आवेदकहरूले कहीं कसैबाट जबरजस्ती, बाध्यता वा धम्कीमा नपरी आफ्नै स्वेच्छामा आवेदन दिन सक्नु हुनेछ। All applicants have the freedom to choose employment and can apply voluntarily without being forced, compelled or threatened by anyone.
- टाइटानिक रोजगारीको समान अवसर सिद्धान्तमा प्रतिबद्ध छ। यस संस्थाको नीतिले कुनै पनि उमेर, लिङ्ग, जाति, धर्म, राजनैतिक आवद्धता, भौगोलिक स्थान, फरक योग्यता, चिकित्सकिय इतिहास, वैवाहिक स्थिति वा अन्य कुनै कुरालाई आधार नबनाई सबैलाई समान अवसर प्रदान गर्दछ। आवेदकहरूलाई व्यक्तिगत विशेषताहरूको सट्टा उनीहरूको सीप, क्षमता र योग्यताको आधारमा मात्र रोजगारीका लागि छनोट गरिन्छ। TITANIC is committed to the principles of equal employment opportunity for all, regardless of age, gender, race, religion, politcal affiliation, geographical location, different ability, medical history, marital status or any other basis. The applicants are selected for the employment solely based on their skills, abilities and qualifications rather than personal characterisctics.

टाइटानिकको गुनासो दर्ता माध्यम / Titanic Grievance Reporting Channel
यदि तपाईंसँग कुनै गुनासो वा सुझाव छ भने, तल उल्लेखित सम्पर्क माध्यम मार्फत हामीलाई जानकारी गराउन हुन अनुरोध गर्दछौं। तपाईले प्रदान गर्ने सबै जानकारी र पहिचान पूर्ण रूपमा गोप्य राखिनेछ, र आवश्यक कदमहरू तुरुन्तै चालिनेछन्। If you have any grievances or feedback, please reach out to us using the contact details provided below. All information and identities will be kept strictly confidential, and necessary actions will be taken promptly.
+९७७-९८०१००४३४५ / +977-9801004345 grievance@titanicmanpower.com

प्रि-अन्तर्वार्ता टाइटानिक कार्यालय परिसर, बसुन्धारा – ०३, काठमाडौंमा २०८३ भदौ ८ गते हुनेछ।
Pre Interview will be held on 24 August 2026 at TITANIC office, Basundhara - 03, Kathmandu.
फाइनल अन्तर्वार्ता टाइटानिक कार्यालय परिसर, बसुन्धारा – ०३, काठमाडौंमा २०८३ भदौ १४ गते हुनेछ।
Final Interview will be held on 30 August 2026 at TITANIC office, Basundhara - 03, Kathmandu.

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:– १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम अनिवार्य लिनुपर्नेछ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला। **Information provided by the Department of Foreign Employment (DOFE):-** 1. Confirm that visa is issued under your name 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4. Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6. While going abroad use International Airport of Nepal or else you might be deceived 7. If you want to know more details regarding this advertisement. Please contact Department of Foreign Employment (DOFE), Tahachal.

TITANIC Ethical Recruitment Agency Since 2002
Celebrating 24years
TFHI - OTL Certified Recruitment Agency
ISO 9001:2015 Certified Recruitment Agency

टाइटानिक म्यानपावर सप्लायर प्रा. लि. (Titanic Manpower Supplier Pvt. Ltd.)
इजाजतपत्र नं: २८५/०५८/५९ (Licence No. 285/058/59)
बसुन्धारा चौकी, काठमाडौं, नेपाल (Basundhara Chauki, Kathmandu, Nepal)
+९७७-१-४९५३२५२, ४९६४६५९ (+977-1-4953252, 4964659)
आधिकारिक सम्पर्क व्यक्ति: शिशीर पौड्याल (Offical Contact Person : Shishir Poudyal)
सम्पर्क नम्बर: +९७७-९७१-२०६५५३८ (Contact Number : + 977-971-2065538)
www.titanicmanpower.com recruitment@titanicmanpower.com
Titanic Manpower Supplier www.tiktok.com/@titanic.manpower
"An Ethical Recruitment Agency Where Integrity Matters"

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/०५/१९ मा दर्ता भएको **दर्ता नं. ८६१९८/०६८/०६९** को **सी.जार ट्रेडर्स प्रा. लि.** को मिति २०८३/०५/०३ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।
लिक्विडेटर: नीलकण्ठ पोखरेल,
इजाजत पत्र नं. ५१२, ठेगाना : त्रिपुरेश्वर काठमाडौं,
फोन नं. ९८५१००६०४६

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७६/०४/३० मा दर्ता भएको **प्रा. लि. नं. २२१४५६** को श्री **एस. एस. आधुनिक कृषि फार्म प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

ज्ञान चन्द्र साह तेलीको नाति, रामपृत साह तेलीको छोरा, धनुषा जिल्ला, चक्कर गा.बि.स. वडा नं. ०६ हाल औरही गा.पा वडा नं. ०६ बस्ने, यस बैंकको औरही शाखा कार्यालयको खातावाला लखिचन साह तेलीको मिति २०७८/११/२१ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको बुहारी श्रीमती राज कुमारी साहले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

हिमा दोर्जे शेर्पाको नातिनी, दमे शेर्पाको छोरी, सिन्धुपाल्चोक जिल्ला, पाचँपोखरी थाङपाल गा.पा. वडा नं. ०२ बस्ने, यस बैंकको मेलम्ची शाखा कार्यालयको खातावाला लसुङ शेर्पाको मिति २०८३/०४/०६ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमान् टासी शेर्पाले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

साइप्रसमा पुरूष/महिलालाई वैदेशिक रोजगारीको अवसर

Company : MAVROMATIS Employment Bureau Ltd
कम्पनी: Mavromatis Employment Bureau Ltd — शहर : Larnaca
पूर्व स्वीकृत मिति: २०८३/०५/०५ — चलानी नं.: ६०२६००८८ — LT. No.: 346897

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब: EURO	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Housekeeper	5	5	सम्बन्धित काममा दक्ष	850	१५२०७३	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	kitchen helper	5	0		750	१३४१८२							
3.	Cook	5	0		1000	१७८९१०							
4.	Bartender	5	0		900	१६१०१९							

कम्पनी: Mavromatis Employment Bureau Ltd — शहर : Larnaca
पूर्व स्वीकृत मिति: २०८३/०५/०५ — चलानी नं.: ६०२६००८७ — LT. No.: 346896

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब: EURO	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cook	10	0	सम्बन्धित काममा दक्ष	1000	१७८९१०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Waiter/Waitress	10	5		800	१४३१२८							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १४ गते (30 August 2026) मा हुनेछ।

साथै यस कम्पनीको लागि Receptionist, Sales Associate, Storekeeper, Pastry Chef, Lifeguard, Continental Cook, SPA Therapist, Mason & Hotel Maintenance Technician **को आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिहरूले सर्म्पक गर्नु होला।**

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

AAROHI HR SOLUTIONS PVT. LTD.
License. No: 1244/074/075 | Reg. No: 165209/073/074
An Ethical & Responsible Recruitment Agency.
ISO 9001:2015 Certified Company
आरोही एच.आर. सोलुसन्स् प्रा. लि.
Head Office: +977-1-4961807, 4962925; 9851067941 (Himal Amgain) 9801081902 (Ranjan Khadka); info@aarohihrsolutions.com; www.aarohihrsolutions.com; KMC - Ward No. 3 Basundhara Kathmandu Nepal
Chitwan Branch Office: 056-514109; 9802899323 (Badri Prasad Upreti); Bharatpur-10 Hakimchowk Chitwan Nepal

ओमनमा रोजगार

कम्पनी : ASAAD AND KHAMES Joint Partnership — शहर: OMAN
पूर्व स्वीकृत मिति: २०८३/०५/०५ — चलानी नं.: ६०२६००६८ — LT. No.:346880

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब: OR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Food & Beverage Jonior Waiter	1	0	स. काममा दक्ष	140	५५५८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १४ गते (30 August 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.
श्रम इजाजत पत्र नं.: ३३६/०५९/०६०
Sinamangal-9, Kathmandu, Tel: +977-1- 4111286, 4111287

आर्थिक
www.madhyanhadaiy.com
गा.हु.का.द.नं. ३३/०६९/०७०
७ भदौ २०८३ आइतबार
23 August 2026 Sunday

नाडा अटो शोमा 'मेड इन नेपाल' नयाँ प्रविधिसँगै चर्चित ब्रान्ड

नेपालको अटोमोबाइल्स क्षेत्र अर्थतन्त्रमा मेरुदण्डको रूपमा हेरिन्छ । सवारी साधन विलासीबाट अनिवार्य साधनको रूपमा विकसित भइरहेको छ । निजी सवारी साधन हुने व्यक्ति सम्पन्नताको श्रेणीमा हुने गरेका थिए, तर पछिल्लो समय नेपालीको जीवनशैलीमा आएको परिवर्तनसँगै घरमा सवारी साधन हुनु अनिवार्यता जस्तै भएको छ । नेपालको सडक विस्तारदेखि बैंक तथा वित्तीय संस्थाले सहजै सवारी साधन खरिद गर्नका लागि कर्जा प्रवाह गर्ने हुँदा समेत आम नागरिकमा सवारी साधन खरिदमा मोह बढ्दै गएको छ । नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा)को आयोजनामा अटोमोबाइल क्षेत्रको महाकुम्भको रूपमा रहेको 'नाडा अटो शो' भदौ ९ गतेदेखि १४ गतेसम्म भृकुटीमण्डपमा हुँदैछ । नाडा स्थापनाको ५०औं वर्ष पुगेको स्वर्ण जयन्तीसँगै १८औं संस्करणको यो अटो सो विशेष बनाउन आयोजकको व्यस्तता बढिरहेको छ । यसै सन्दर्भमा नाडाका अध्यक्ष **सुरेन्द्रकुमार उप्रेती**सँग मध्यान्हका **छवि सापकोटा**ले गरेको कुराकानी :

सुरेन्द्रकुमार उप्रेती
अध्यक्ष, नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल

मंगलबारदेखि 'नाडा अटो शो' सुरु हुँदैछ । संस्थाको स्वर्ण जयन्तीसँगै 'नाडा अटो शो २०२६' कस्तो हुन्छ ?

नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा)ले १८औं संस्करणको 'अटो शो' गर्दैछ । अटो क्षेत्रमा दिग्गज व्यवसायी कम्पनीको सहभागितामा २ सयभन्दा बढी अटोमोबाइल्स क्षेत्रसँग सम्बन्धित स्टलहरू तयारी भइरहेको छ । 'नाडा अटो शो'ले नै सवारी साधन किन्ने, हेर्ने, अनुभव गर्नेदेखि प्रविधिको जानकारी प्राप्त गर्न सक्ने थलोको रूपमा विगतदेखि नै हुने गरेको छ । नाडामा प्रदर्शनमा राखिने सवारी साधनले नै नेपालको अटोमोबाइल्स क्षेत्रलाई प्रतिनिधित्व गर्ने गरेको छ । 'नाडा अटो शो'ले गाडी किनबेचलाई पक्कै पनि पठाइरहेको छ । त्योभन्दा धेरै अटो क्षेत्रलाई चलायमान गराउने काम अटो शोमार्फत व्यवसायीहरूले गर्नुभएको छ । नाडा अटो क्षेत्रको इतिहास बोकेको संस्था हो । नाडाले नै अटोमोबाइल्स क्षेत्रलाई लिड गर्दै आएको छ । स्थापनाको ५० वर्षदेखि नै विश्वमा लञ्च भइरहेका अटो प्रविधिलाई नेपाल भित्र्याउने काम नाडाले गर्दै आएको छ । यस्तै नाडाले प्रत्येक वर्ष गर्ने 'नाडा अटो शो'ले मुलुकभित्र आर्थिक गतिविधि हेर्नका लागि एक गन्तव्यको रूपमा विकास गर्दै आएको छ । यो वर्ष 'उद्योगदेखि रोजगारसम्म'का गतिविधि 'नाडा अटो शो'मा देखिन्छ । नेपालमा अहिले विद्युतीय सवारीसाधन (ईभी)तर्फ अटो क्षेत्र अगाडि बढेको छ ।

'नाडा अटो शो २०२६'मा नयाँ ब्रान्ड र नयाा प्रविधिका कस्ता सवारीसाधन देख्न पाइन्छ ?

नाडा अटो शो यो १८औं संस्करण हो । हामीले हरेक संस्करणमा नयाँ-नयाँ विश्वचर्चित ब्रान्ड भित्र्याउने, नयाँ प्रविधिलाई सधैं दिने गरेका छौं । नाडा अटो शो-२०२५ मा नेपालमै पहिलो डिपलको ईभीटीओएल उड्ने कार प्रदर्शनमा राखेका थियौं । यो वर्ष हामीले विश्व बजारमा लञ्च भएको उच्च प्रविधिका सवारी साधनलाई प्राथमिकता दिएका छौं । यसपटक करिब २०० स्टल र १५० भन्दा बढी ब्रान्डको सहभागिता हुन्छ । नाडामा यो वर्ष पनि धेरै ब्रान्डको सहभागिता हुँदैछन् । नयाँ सवारीसाधनको लन्च, उच्च प्रविधिका सवारी साधनदेखि यो वर्ष विशेष आकर्षक अफरसमेत नाडामा उपभोक्ताले पाउनुहुने नै छ । तर त्यससँगै हामीले मुख्य रूपमा देखाउन खोजेको कुरा नयाँ-नयाँ इनोभेसन हो । अबको दिनमा अटोमोबाइल क्षेत्र कस्तो हुन सक्छ, यो क्षेत्र कतातर्फ जान सक्छ र नेपालमा यसको सम्भाव्यता के छ ? भन्ने कुरा नाडामा आउने अवलोकनकर्तालाई हामीले देखाउन खोजेका छौं । त्यही सन्दर्भमा यसपटक हामीले 'मेड इन नेपाल'लाई बढी फोकस गरेका छौं । 'रोजगारदेखि उद्योगसम्म' भन्ने अवधारणासहित नेपालमा उत्पादन भएका, नेपालमा 'एसेम्बल'भएका तथा नेपालमै बनेका सवारीसाधनका कम्पोनेन्टहरूलाई पनि एउटै छानामुनि ल्याएर प्रदर्शन गर्दैछौं । यसको उद्देश्य नेपालमा अटोमोबाइल क्षेत्रमा सम्भावना छ भन्ने देखाउनु रहेको छ । नेपालमा यात्रीले उत्पादन सुरु गरिसकेको छ, अन्य कम्पनीहरूले एसेम्बलिङ सुरु गरिरहेका छन् । त्यसलाई देखेर अन्य कम्पोनेन्ट उद्योगहरू पनि यस क्षेत्रमा आउन थालेका छन् ।

'अटो शो'का लागि प्रदर्शनीस्थल सानो भयो भन्ने गरिन्छ । भृकुटीमण्डपको विकल्प खोज्नुपर्ने बेला भएको हो ?

नयाँ ठाउँको आवश्यकता छ । प्रदर्शनीस्थल अभाव अटो व्यवसायीले मात्र होइन अन्य व्यवसायी क्षेत्रले गरिरहेका छन् । अब आधुनिक प्रदर्शनीस्थल खोजी गर्न समेत आवश्यक छ । तर नेपालमा तत्काल अर्को विकल्प नै छैन । हामीलाई विकल्प नभएका कारण स्टलको संख्या बढाउन सक्ने अवस्था छैन । सरकारले प्रदर्शनीस्थलको संरचनाको पुनर्निर्माण वा आवश्यक पूर्वाधार विकासमा समेत ध्यान दिनुपर्ने हुन्छ ।

नेपालमा अटोमोबाइल क्षेत्रको दीर्घकालीन सम्भावना र लगानीको वातावरण कस्तो देख्नुहुन्छ ?

अबको १० वर्षमा नेपालको अटोमोबाइल क्षेत्रले ठूलो फड्को मार्नेछ । यसले राज्यलाई ठूलो राजस्व दिनेछ, ठूलो रोजगारी सिर्जना गर्नेछ र नेपालमा आयातको निर्भरता पनि धेरै हदसम्म घट्न सक्छ । हामीले यही सम्भाव्यता देखाउन खोजिरहेका छौं । नेपालको अटोमोबाइल क्षेत्र एसेम्बलिङसँगै उत्पादनतर्फ गइरहेको छ । हामी अब उत्पादनमै जाँदै छौं भन्ने कुरा पनि यसपटकको नाडा अटो शोमार्फत देखाउन खोजिरहेका छौं । नेपालको अटोमोबाइल्स क्षेत्रको बजार विस्तार तीव्र गतिमा भइरहेको छ । अटोमोबाइल्स क्षेत्र विस्तारले पूर्वाधारलाई समेतसँगै लगिरहेको छ । अटोमोबाइल्सको व्यापार विस्तार नेपालको जनसंख्याका आधारमा बजार पर्याप्त छ । त्यसका लागि सडकको विस्तार हुनुपर्छ । सहर-सहर जोड्ने र अन्तरसम्बन्धित सडक सञ्जालको विकास गर्नुपर्छ । ठूला सडकहरू निर्माण भएका र काठमाडौंबाट कुनै पनि सहरमा सहज रूपमा यात्रा गर्न सकिने अवस्था बनेमा नेपालको अटोमोबाइल्स क्षेत्रले ठूलो फड्को मार्नेछ । त्यस अवस्थामा नेपालमा उत्पादन भएका सवारीसाधनले बजारको माग पूरा गर्न सक्छन् ।

नेपालको अटोमोबाइल बजारमा अहिले माग र ग्राहकको रुची कस्ता सवारी साधनमा धेरै रहेको छ ?

त्यसमा दुई तरिकाले हेर्न सकिन्छ । कोही लक्जरी गाडी चढ्ने पनि छन्, कोही आफ्नो सपनाको गाडी चढ्ने पनि छन् । कोही आफ्नो आवश्यकताअनुसार मजबुत र उपयुक्त सवारीसाधन रोज्छन् । त्यसैले सवारीसाधनका विभिन्न प्रकार छन् । कोही मोटरसाइकलमा छन्, कोही थ्री-ह्विलरमा, कोही सार्वजनिक सवारीसाधनमा र कोही निजी सवारीसाधनमा छन् । निजी सवारीसाधनमा पनि मूल्य र क्षमताअनुसार विभिन्न प्रकारका गाडी प्रयोग भइरहेका छन् । तर म के भन्छु भने, सबैजनाले गाडी किन्नुभन्दा अगाडि आफ्नो आवश्यकता हेरेर किन्नुपर्छ । तपाईं कति रनिङमा जानुहुन्छ, तपाईंको आवश्यकता के हो भन्ने कुरा हेरेर छनोट गर्नुभयो भने सबैभन्दा राम्रो हुन्छ । नेपालीहरूको क्षमता र आवश्यकताअनुसार बजारमा विभिन्न विकल्प उपलब्ध छन् । तर नेपाली ग्राहकको रुचि पछिल्लो समय मध्यम बजेटको चार पांग्रे सवारी साधनमा बढ्दै गएको छ । चार पांग्रे विद्युतीय साधनको सफल हुँदै गर्दा नेपाली उपभोक्ताहरू बैंकिङ प्रोसेसिङ गरेर भएपछि सवारी चार पांग्रे सवारीसाधनतर्फ आकर्षित भइरहेको देखिन्छ ।

अन्त्यमा, 'नाडा अटो शो'का लक्ष्य र प्राथमिकता के छन् ?

नाडाले अटोमोबाइललाई गाडी बिक्री गर्ने विषयमा मात्र सीमित गर्दैन । हामी त्यहाँ सम्पूर्ण अटोमोबाइल इकोसिस्टम देखाउँछौं । सवारीसाधन किनेर मात्रै हुँदैन । सवारीसाधन बिक्रीपछिका पनि धेरै चुनौती हुन्छन् । सर्भिसका कुरा आउँछन्, कम्पोनेन्टका कुरा आउँछन् र अन्य धेरै विषय हुन्छन् । त्यसलाई व्यवस्थित गर्नुपर्छ र उपभोक्ताले पनि बुझ्नुपर्छ । ग्राहकले सवारीसाधन खरिद गरिसकेपछि भविष्यमा दुःख नपाऊन् भन्नका लागि पनि यी सबै कुरा बुझ्नु आवश्यक छ । नाडा अटोमोबाइल्स भनेको सबै क्षेत्रका व्यवसायीले बनाएको साझा संस्था हो । यसमा स्पेयर पार्ट्स व्यवसायी छन्, गाडीका डिलर व्यवसायी छन्, इम्पोर्टर छन् र म्यानुफ्याक्चरर पनि छन् । सम्पूर्ण अटोमोबाइल क्षेत्रलाई समेटेको कारणले नै नाडा एउटा साझा संस्था बनेको हो । अहिले पनि सवारी साधन किन्न चाहने व्यक्तिले हरेक वर्षको नाडा अटो शोको पर्खाइ हुने गरेको छ ।

लक्ष्मी रिक्रुटमेन्टद्वारा रक्तदान कार्यक्रम आयोजना

काठमाडौं/मस– लक्ष्मी रिक्रुटमेन्ट सर्भिस प्रा.लि.ले शनिबार आयोजना गरेको रक्तदान कार्यक्रममा करिब तीन दर्जन रक्तदाताले रक्तदान गरेका छन् ।

राजधानीका अस्पतालहरूमा देखिएको रगतको अभावलाई परिपूर्ति गर्न बी एन्ड बी अस्पतालको संयोजनमा रक्तदान कार्यक्रम आयोजना गरिएको उक्त प्रा.लि.का सञ्चालक लक्ष्मीप्रसाद गिरीले मध्यान्हलाई जानकारी दिए ।सञ्चालक गिरीले संस्थाको सामाजिक उत्तरदायित्वअन्तर्गत रक्तदान कार्यक्रम आयोजना गरिएको पनि बताए ।

प्रा.लि.का सञ्चालक लक्ष्मीप्रसाद गिरीसहित कार्यालयका सुभद्रा चौलागाईं, श्यामकुमार राई, राधा अधिकारी खत्री, अर्चना गिरी, ताराकुमारी नेपाली, नवीन पुरी, सुजन देउवाली, दिनेश पुरी, सागर गौली, गंगा बहादुर गिरी, शर्मिला बुढाथोकी, प्रदीप बिष्ट, सुरेश बस्नेत, प्रदीप गिरी, प्रकाश गिरी, इन्द्रप्रसाद गिरी, अनिश गिरी, रेशमराज पौडेल, सरोज तामाङ, सदिक्षा हमाल, अमित घिमिरे, सुसन गिरी, रविन्द्रकुमार यादव, चन्द्रबहादुर चौधरी, सञ्जु रानामगर र सुनिल रानामगरलगायत करीब तीन दर्जन व्यक्तिले रक्तदान गरेका छन् ।

रक्तदाताहरूलाई आयोजकका तर्फबाट प्रमाणपत्र वितरण गरिएको छ । सञ्चालक गिरीले समयमै रगत नपाए बिरामीको ज्यानै जोखिममा पर्ने भएकाले रक्तदान कार्यक्रमलाई निरन्तरता दिने बताए ।कुनै दीर्घरोग नभएका कम्तीमा १८ देखि ६० वर्षसम्मका ४५ किलोग्राम तौल भएका व्यक्तिले कम्तीमा तीन महिनाको फरकमा रक्तदान गर्न सक्ने चिकित्सकहरू बताउँछन् । कम्पनीले रक्तदानका अतिरिक्त वैदेशिक रोजगारीमा जाने युवायुवतीलाई निःशुल्क तालिम प्रदान गरेर संस्थाको सामाजिक उत्तरदायित्वको काम गरेको सञ्चालक गिरीले जानकारी दिए ।

प्रेस विज्ञप्ति

वैदेशिक रोजगार व्यवसायमा सिण्डिकेट र एकाधिकार कायम गर्ने कुनै पनि प्रयास अस्वीकार्य

मलेसिया नेपाली श्रमिकहरूको प्रमुख वैदेशिक रोजगार गन्तव्य तथा रेमिट्यान्स आप्रवाहका दृष्टिकोणले राष्ट्रकै महत्वपूर्ण मुलुकमध्ये एक हो । नेपाली श्रमिकको रोजगारी तथा भर्ना प्रक्रियालाई व्यवस्थित, पारदर्शी, प्रतिष्पर्धात्मक र श्रममैत्री बनाउन नेपाल सरकार र मलेसिया सरकारबीच भएका द्विपक्षीय श्रम सम्झौता तथा स्थापित कानूनी व्यवस्थाको पूर्ण रूपमा पालना हुनुपर्दछ भन्ने प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालको दृढ अडान रहेको छ ।

नेपालमा प्रचलित ऐन, नियम तथा कानून बमोजिम इजाजतपत्र प्राप्त गरी वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरिरहेका सम्पूर्ण व्यवसायी तथा संस्थालाई वैदेशिक रोजगार व्यवसाय सञ्चालनका क्रममा समान अवसर, समान पहुँच र स्वस्थ प्रतिष्पर्धाको अधिकार सुनिश्चित हुनुपर्दछ भन्ने प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालको स्पष्ट मान्यता रहेको छ ।

हाल मलेसियाको विदेशी कामदार भर्ना प्रक्रियामा प्रयोग हुँदै आएको FWCMS प्रणालीमा नेपालका सिमित २५ वटा व्यवसायी/संस्थालाई मात्र आवद्ध गरी अन्य वैधानिक रूपमा सञ्चालित वैदेशिक रोजगार व्यवसायीलाई उक्त प्रक्रियाबाट बाहिर राखिएको विषय, तथा अन्य सिमित व्यवसायीहरूको नाम समावेश गरी Excel Sheet तयार गरी सार्वजनिक गर्ने कार्यबाट व्यवसायीहरूबीच भ्रम, अविश्वास र विभाजन सिर्जना हुन सक्ने अवस्थाप्रति प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपालमा हाल करिब १,२०० भन्दा बढी इजाजतपत्र प्राप्त वैदेशिक रोजगार व्यवसायी तथा संस्था रहेको अवस्थामा अन्य व्यवसायी तथा संस्थालाई समान अवसर र प्रतिष्पर्धाको कानूनी अधिकारबाट वञ्चित गर्दै सीमित व्यवसायीलाई मात्र FWCMS प्रणालीमा पहुँच प्रदान गरिने कुनै पनि व्यवस्था न्यायोचित हुन सक्दैन ।

यस्तो व्यवस्था कायम भएमा वैदेशिक रोजगार व्यवसायमा सिण्डिकेट, एकाधिकार तथा पहुँच र प्रभावका आधारमा अनुचित नियन्त्रण कायम हुने, स्वस्थ प्रतिस्पर्धा समाप्त हुने र अन्ततः वैदेशिक रोजगारीमा जाने श्रमिकमाथि अतिरिक्त आर्थिक भार तथा शोषणको जोखिम बढ्ने अवस्था सिर्जना हुन सक्नेप्रति मञ्च गम्भीर चिन्ता व्यक्त गर्दछ ।

यस सन्दर्भमा मिति २०८३/०५/०६ गते बसेको प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालको आकस्मिक बैठकले सिन्डिकेटविरुद्ध सञ्चालन हुने कार्यक्रम तथा अभियानप्रति ऐक्यबद्धता जनाउँदै FWCMS प्रणालीमा समावेश भएका भनिएका २५ वटा संस्थाको आबद्धता, प्रक्रिया, मापदण्ड र त्यस सम्बन्धी निर्णयको तत्काल निष्पक्ष छानविन गरी तथ्य र प्रमाणका आधारमा आवश्यक कारवाहीको प्रक्रिया अघि बढाउन नेपाल वैदेशिक रोजगार व्यवसायी संघ समक्ष जोडदार माग गरेको छ ।

साथै, वैदेशिक रोजगार व्यवसायीहरूको समान अधिकार तथा प्रतिष्पर्धाको वातावरणमा हस्तक्षेप गर्ने कुनै पनि कार्यलाई निस्तेज पार्न नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग तथा सम्बन्धित नेपाली कूटनीतिक नियोगहरूलाई तत्काल आवश्यक पहल र उचित कदम चाल्न प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल ध्यानाकर्षण गराउँदछ ।

FWCMS प्रणालीमा सीमित व्यवसायी तथा संस्थालाई मात्र पहुँच प्रदान गरिएको विषयमा कुन प्रक्रिया, मापदण्ड, निर्णय र आधारबाट त्यस्तो आबद्धता भएको हो भन्ने विषय पारदर्शी रूपमा सार्वजनिक गरिनुपर्ने मञ्चको स्पष्ट धारणा रहेको छ । साथै, यस प्रक्रियामा कुनै प्रकारको आर्थिक कारोबार, शुल्क, कमिसन वा अन्य लाभ-सुविधाको आदान-प्रदान भएको भए त्यसको समेत सम्बन्धित निकायबाट निष्पक्ष छानविन हुनुपर्ने हाम्रो माग रहेको छ ।

वैदेशिक रोजगार व्यवसाय कुनै व्यक्ति वा सीमित समूहको निजी स्वार्थमा सञ्चालन हुने क्षेत्र होइन । यो लाखौं नेपाली श्रमिक तथा उनीहरूका परिवारको जीवन, रोजगारी र आर्थिक भविष्यसँग प्रत्यक्ष जोडिएको संवेदनशील क्षेत्र हो ।

यस क्षेत्रमा पारदर्शिता, समान अवसर, स्वस्थ प्रतिष्पर्धा, व्यवसायिक मर्यादा र कानुनी शासन कायम गर्नु सबै सरोकारवालाको साझा जिम्मेवारी हो ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सिण्डिकेट तथा एकाधिकारविरुद्ध लिएको अडानप्रति समर्थन जनाउँदै, वैदेशिक रोजगार व्यवसायमा सिण्डिकेट, एकाधिकार तथा व्यवसायीबीच विभेद सिर्जना गर्ने कुनै पनि प्रयासविरुद्ध प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल दृढतापूर्वक उभिने प्रतिबद्धता व्यक्त गर्दछ ।

सोम बहादुर तामाङ (सोम लामा)
महासचिव

जनक रावल
अध्यक्ष

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल
सुकेधारा, काठमाडौं

मानव बेचबिखन नियन्त्रण गरौं

मानव बेचविखन भन्नाले:

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानुन विपरीत मानव अङ्ग भिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य हुन् ।

तसर्थ:

- मानव बेचविखनजन्य कार्य गर्ने/गराउनेलाई कानुनबमोजिम कारवाही हुन्छ,
- मानव बेचविखन गरे/गराएको जानकारी पाएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सार्वजनिक जानकारी

मलेसिया रोजगारीका लागि सीमित म्यानपावर कम्पनीहरूमात्र संलग्न रहेको भन्ने विषयमा प्रकाशित/प्रसारित समाचार तथा चर्चामा **एम.बी. ह्युमन रिसोर्सेस प्रा.लि.**को नामसमेत जोडिएकोप्रति यस कम्पनीको गम्भीर ध्यानाकर्षण भएको छ ।

मलेसिया रोजगारीसम्बन्धी उक्त प्रक्रियामा यस म्यानपावर कम्पनीको नाम आउनु आफैंमा अचम्मको विषय भएको छ । एम.बी. ह्युमन रिसोर्सेस प्रा.लि. उक्त विषयमा संलग्न नरहेको सम्बन्धित सबैमा यसै सार्वजनिक जानकारीमार्फत स्पष्ट पार्दछौं । साथै यस कम्पनीको नाम अनावश्यक रूपमा जोडिएकोप्रति हाम्रो गम्भीर आपत्तिसमेत रहेको छ ।

पुनश्चः यस कम्पनीले नेपाल सरकारको प्रचलित कानुन, नियम तथा व्यावसायिक मर्यादाअनुसार आफ्नो व्यावसायिक गतिविधि सञ्चालन गर्दै आएको र भविष्यमा पनि गर्दै जानेछ । मलेसिया रोजगारीसम्बन्धी सिन्डिकेट नामधारी उक्त विषयमा कम्पनीको कुनै प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नता नरहेको पुनः स्पष्ट गर्दछौं ।

यस विषयमा सत्यतथ्य नबुझी वा अपुष्ट सूचनाका आधारमा कम्पनी तथा सञ्चालकको नाम जोडेर समाचार, सूचना वा धारणा सार्वजनिक नगर्न सम्बन्धित सबै पक्षलाई आग्रहसमेत गर्दछौं । साथै, यस विषयमा कुनै भ्रम वा अन्योल भएमा आधिकारिक रूपमा यस कम्पनीसँग जानकारी लिनसमेत अनुरोध गर्दछौं ।

बिप्लब लामा
सञ्चालक

एम.बी. ह्युमन रिसोर्सेस प्रा.लि.
बसुन्धरा, काठमाडौं, नेपाल
श्रम इजाजत पत्र नं.: ५३७४/०७४/०७५

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१-५३२६३६६, ०१-५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**